लेखापरीक्षण प्रतिवेदन

ढकारी गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

ढकारी गाउँपालिका, अछाम

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/261

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री गाउँपालिका अध्यक्षज्यू,
ढकारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
कैलाली ।

कैफियतसहितको राय

हामीले ढकारी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १० करोड १० लाख ८३ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ९१ लाख ९१ हजार, स्थानीय तह प्रशासकिय भवन निर्माण कार्यक्रमको रु. ३० लाख र र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. ८ लाख ९० हजार समेत गरी रु. ११ करोड ४१ लाख ६४ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. ९९ करोड १३ लाख, ७७ हजारको लेखापरीक्षण गरी रू. १ करोड ६३ लाख ४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु. १ लाख ४४ हजार प्रतिक्रियाबाट फस्योंट भई रु १ करोड ५९ लाख ६० हजार (१.६१ प्रतिशत) बाँकी रहेको छ । उक्त बाँकी वेरुजुमध्ये असुल गर्नुपर्ने रू. ३० लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३३ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु. ८९ लाख ३४ हजार तथा पेश्की रु ६ लाख ३० हजार रहेको छ। गत वर्षसम्म रु.२० करोड ९२ लाख १३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु. ४ करोड ३६ लाख सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजु रु. १८ करोड १५ लाख ७३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भन्ने यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु							
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने						पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा		पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती									
७२	१३२	१,६३,०४,५०४	०	१	३,४४,०८५	०	७२	१३१	१,५९,६०,४१९	३०,३०,४१४	८९,३४,४३३	३३,६५,५७२	०	०	१,२३,००,००५		६,३०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
अछाम	२०,९२,१२,९९२		४,३६,००,०००	१६,५६,१२,९९२		१,५९,६०,४१९	१८,१५,७३,४११

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	४६	शिक्षक तलब नियमित	४,३६,००,०००
२	२०८०/८१	५३	सक्कल बील वेगर भुक्तानी प्रमाण पेश	३,४४,०८५
जम्मा				४,३९,४४,०८४

(८०७७२५०२३०० - ढकारी गाउँपालिका, अछाम)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य, २२७.८८ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।७ देखि २०८१।६।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको ९९,१३,७८,१७९।७२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **स्थानिय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणवाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

एकीकृत आय व्यय विवरण					
आय			व्यय		
सि.नं.	विवरण	रकम		विवरण	रकम
१	गतको अल्या		१	चालु खर्च	
१.१	संचितकोष खाता	१८७२५२३४.२६		संघीय राजस्व वाडफाड	७४५२५९१४.३४
१.२	धरौटीखाता	३८८३७५५		राजश्ववाँडफाँड प्रदेश	०
१.३	क.सं.कोष खाता	०		आन्तरिकस्रोत	९४२५३००
१.४	प्रकोपव्यवस्थापन खाता	५७३७०४.४९		संघिय सशर्त अनुदान	१६०५६८८७४.५८
१.५	विविधखर्च खाताको आम्दानी	२१०८५८.३		समानिकरण अनुदान	५६२९९०२९
१.६	विभाज्यकोष	०		प्रदेशशर्शत अनुदान	५५००००
२	संचितकोषखाताको जम्मा			प्रदेशसमानीकरण	२५२२७००
२.१	संघियराजस्व वाँडफाँड	८३२६३५५३.९८	२	पुँजीगतखर्च	
२.२	प्रदेशराजस्व वाँडफाँड	१८२६९३१.६३		आन्तरिक स्रोत	५६०८०००
२.३	आन्तरिकस्रोत (राजस्व)	६७८९४२२.५		राजस्ववाडफाड-संघ	८६४९६२४
२.४	उपभोक्ता समिति लागत सहभागिता			राजस्ववाडफाड-प्रदेस	१८२६९३१
२.५	संघीयवित्तीय समानिकरण	७८८६४०००		संघीयसरकार वित्तीय हस्तान्तरण पुजिंगत खर्च	
२.६	संघीय सशर्त अनुदान	१८०८६१०००		समानिकरणअनुदान	२२४६२०००
२.७	संघीय समपुरक अनुदान	३००००००		सर्शतअनुदान	३६९२४००
२.८	संघियविशेष अनुदान	२८७१०००		विशेषअनुदान	२८७१०००
२.९	प्रदेशसमानिकरण अनुदान	६६६३०००		समपुरकअनुदान	३००००००
२.१	प्रदेशशर्शत अनुदान	५१०००००	३	प्रदेशवित्तीय हस्तान्तरण पुजिंगत	
२.९	प्रदेशसमपुरक अनुदान	१६६६४००		समानिकरणअनुदान	४१३८३००
२.१	प्रदेशविशेष अनुदान	०		शसर्तअनुदान	४५५००००
३.	कोषतर्फ			विशेषअनुदान	०
३.१	सडक बोर्ड	३९९१६८०		समपुरकअनुदान	१६६६४००
३.२	धरौटीखाताको आम्दानी	१८६१६०३.४३	४	कार्यसंचालनकोष खाताहरु	
३.३	प्रकोषकोष	०		प्रकोपव्यवस्थापन कोष	५६००००
४	अन्तरसरकारीअख्तियारी			विविधखर्च खाता	४२४८७५६
४.१	वहुक्षेत्रीयपोषण			धरौटीखाताको खर्च	१४९५६६८
४.२	सामाजिकसुरक्षा संरक्षण	१०१०८३०८७.०७	५	अन्तरसरकारी अख्तियारी	
४.३	स्थानीयतह प्रशासकीय भवन निर्माण	३००००००		सामाजिकसुरक्षा संरक्षण-	१०१०८३०८७.०७
४.४	एकिकृतस्वास्थ्य विकास कार्यक्रम	९१९१०९०		स्थानीयतह प्रशासकीय भवन निर्माण	३००००००
४.५	राष्ट्रपति महिला शसक्तिकरण परियोजना	८९००००		एकिकृतस्वास्थ्य विकास कार्यक्रम	९१९१०९०
५	विविध			राष्ट्रपति महिला शसक्तिकरण परियोजना	८९००००

५.१	विविधखर्च खाताको आम्दानी	४३१५३८.४४	६	फिर्तारकम	१६५९९७२५.४२
५.२	विविधआम्दानी	९५३६८.२२	७	वैंकमौज्दात	
५.३	विविध खर्च खाताबाट आम्दानी हुन बाँकी	३९२२००		संचीतकोष खाता	१०७७६९७५.७१
५.४	विविध खर्च खाताबाट कट्टी दाखिला गर्न बाँकी	१०४८८०		प्रकोपव्यवस्थापनको खाता	१३७०४.४९
५.५	प्रकोप कोष खाताबाट कट्टी दाखिला गर्न बाँकी	६६२५		धरौटीखाता	४२४९६७०.४३
				विविधखर्च खाता	८८१७८२.२८
	जम्मा	५१५३४६९३२.३२		जम्मा	५१५३४६९३२.३२

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण**

३.१ **वैक हिसाव मिलानः** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा सो नगरेकोले स्रेस्ता अनुसार भन्दा बैकमा रु.५२३६२५।० बढी देखिएको छ । पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
संचित कोष	१०७७६९७५.७१	१०७७६९७५.७१	०
विविध खर्च खाता	३८४७८२.२८	८८१७८२.२८	५९७०००
प्रकोष कोष खाता	१३७०४.४९	२०३२९.४९	६६२५.०
धरौटी खाता	४२४९६७०.४३	४२४९६७०.४३	०
जम्मा	१५४२५१३२.९१	१५९२८७७७.९१	५२३६२५

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १०१०८३०८७।०, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.९१९१०९०।०, स्थानीयत तह प्रशासकिय भवन निर्माण कार्यक्रमको रु.३००००००।० र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. ८९००००।० समेत गरी रु.११४१६४१०७।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **कट्टी रकम दाखिलाः** - आयकर ऐन, २०५८ को दफा ९० मा करकट्टी गरेको रकम महिना समाप्त भएको मितिले २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ।गाउपालिकाको सुत्रको वित्तिय प्रतिवेदन २७२ मा पालिकाले विविध खर्च खाताबाट विभिन्न शिर्षकमा कट्टी गरेको कर दायित्व रकम रु.१११५०५।०० दाखिला गरेको नदेखिएकोले सम्वन्धित शिर्षकमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु....

प्रमाण पेश नगरेको	१,११,५०५

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री नेत्रकला देवी शाहीले मिति २०८०।०३।१० गते रु. ४१ करोड ७५ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही मिति २०८०।०३।१०मा पारित भएको छ । ततपश्चात स्थानीय तहका प्रमुखले २०८०।४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **खर्च बिश्लेषण**

पालिकाको यसबर्ष कुल आन्तरिक आयबाट रु. ६७ लाख ८९ हजार, राजस्व बाँडफाँड बाट ८ करोड ५० लाख ९० हजार र अनुदानबाट रु. २७ करोड ९० लाख २५ हजार समेत रु ३७ करोड ९ लाख ४ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३० करोड ३८ लाख ९२ हजार र पूँजिगत तर्फ रु. ५ करोड ८४ लाख ६४ हजारसमेत रु. ३६ करोड २३ लाख ५६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा राजश्व बाँडफाँडबाट ८२ लाख ८१ हजार आन्तरिक श्रोतबाट रु ०० समेत रु ८२ लाख ८१ हजार खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.८६ प्रतिशत चालु र १६.१४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

६ **रकमान्तर**

ढकारी गाउँपालिकाको विनियोजन ऐन २०८० को दफा ३ मा एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नवढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकमा रकम सार्न सकिने व्यवस्था छ । पालिकाले गाउँसभावाट विभिन्न १२ खर्च शिर्षकवाट रु.१ करोड ८ लाख ६० हजार बराबरको कार्याक्रय शंसोधन तथा रकमान्तर मार्फत १५ योजनामा रकम विनियोजन गरेको छ । असारमा वजेट तथा कार्यक्रम वनाउदा यसमा पर्याप्त गृहकार्य नगर्नु तथा तोकिएका समितिले प्रभावकारी काम गर्न नसकेको कारण कार्यक्रम संसोधन भएको देखिन्छ। नियममा भएको व्यवस्थाको पालना नभएकोले यसमा सुधार गर्नुपर्ने देखिएको छ।

७ **त्रैमासिक पुँजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) को अनुसूची-२ मा स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा सञ्चालन गर्ने गरी कामको परिमाण र खर्च रकम उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले यो वर्ष कुल पूँजीगत खर्च रु.५ करोड ८४ लाख ६४ हजारमध्ये मध्ये चौथो त्रैमासिकमा रु.३ करोड २५ लाख ५१ हजार (५५.६७ प्रतिशत) खर्च गरेको देखिन्छ। असार महिनामा मात्र रु.२ करोड ८ लाख ३ हजार (३३.५८ प्रतिशत) खर्च गरेको छ। स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि प्रथम त्रैमासिकभित्र खरिद सम्झौता गर्न नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ। आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाई पर्ने देखिदा समयमै निर्माण कार्य गराई खर्च गर्नुपर्दछ।

रकम रु. हजारमा

वजेट उपशिर्षक	कुल खर्च रु.	प्रथम त्रैमासिक रु.	दोस्रो त्रैमासिक रु.	तेस्रो चौमासिक रु.	चौथो त्रैमासिक रु.	असार महिनाको खर्च रु.
विभिन्न	५८४६४	०	१२७१८	१३१९५	३२५५१	२०८०३
खर्चको प्रतिशत	१००	०	२१.७६	२२.५७	५५.६७	३३.५८

८ **योजना छनौट तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोझिम स्थानिय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादनमुलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी ससान टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् ।

क्र. सं.	विवरण	योजना संख्या	वजेट (रु. हजारमा) रु.
१	रु १ लाख भन्दा कमको योजना	१	५
२	रु एक लाख देखि पाँच लाख सम्मका योजना	१२	४०९०
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	१५	१२०५०
४	दश लाख देखि ५० लाख सम्मका योजना	५	१९३९०
५	५० लाख भन्दा माथिका योजनाहरु	२	१७१९०
	जम्मा	३५	४८७२०

९ **क्षेत्रगत खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रकम रु. हजारमा

सि नं	क्षेत्र/उप क्षेत्र	विनियोजन रु.	खर्च रु.	खर्च (%)
१	आर्थिक विकास	७७२४	७२६४	२
२	सामाजिक विकास	१७८९४२	१५३७७५	४२.४४
३	पूर्वाधार विकास	५३८४४	४७२५०	१३.०४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५१५	४३८	०.१२
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१७६५४४	१५३६२६	४२.४०
	कुल जम्मा	४१७५६९	३६२३५६	१००

१० **गत बर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ३२५३१७३०।० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यपालिकाले निर्णय गरेको आधारमा यो बर्ष (२०८०।८१) को बजेटमा गत बर्षको

भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

११ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७(४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• निजामती सेवा ऐन, २०४९दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरयित्व ऐन २०७६ को दफा २८ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी दश दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले नियमको पुर्ण रुपमा पालना गरेको पाइएन ।

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनिय बनाइ सेवा प्रवाह सुदृढ बनाउनुपर्दछ।

१२ वार्षिक खरिद योजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५ करोड ८४ लाख ६४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको प्रदेश तर्फ र स्थानीय तहको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा स्थापना भएको तर आर्थिक वर्षको अन्तमा आन्तरिक लेखापरीक्षक कार्यालयमा हाजिर भएकोले यस वर्षको पालिका तर्फको आन्तरिक लेखापरीक्षण नभएको पालिकाले जनाएको छ । संघ तर्फ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएको छ भने पालिकाबाट आंशिक रुपमा भएको छ ।

१४ बेरुजु लगत

कार्यालयले बाँकी रहेको बेरुजुको लगत अद्यावधि गरी मलेप फाराम अनुसारको विवरण अध्यावधिक गरी राख्नुपर्दछ । पालिकाले बेरुजु लगत अन्तर्गतका देहायबमोजिमका फाराम अद्यावधिक गरी नराखेकोले उक्त फाराम आद्यावधिक गरी वेरुजु लगत राखि नियमानुसार वेरुजु फर्स्यौट गर्नुपर्दछ ।

- म. ले. प. फाराम ८०१ – बेरुजु लगत
- म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन
- म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत
- म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
- म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख

१५ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १०९० वटा, मृत्युदर्ता १७० वटा, वसाइसराइ ८६, सम्वन्ध विच्छेद १ वटा दर्ता

तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड वनाएको पाइएन । ऐनमा उल्लेख भए बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१६ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव	कैफियत
८	८	६	२	प्राविधिक र स्वास्थ्यकर्मीबाट संचालन

१७ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि कर्मचारी कल्याणकारी कोषको व्यवस्था गरेको छैन । ऐनमा भएको व्यवस्था अनुसार कल्याणकारी कोष स्थापना गर्नुपर्दछ ।

१८ **आर्थिक सहायता**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था नेपाल सरकारबाट जारी भएको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको सहायता वितरण गर्ने कार्यविधि निर्माण गरी विभिन्न शिर्षकवाट रु.८०००००।० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिस कार्यपालिकाबाट निर्णय गरी सहायता दिएको देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

१९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रु.१५०००००।० खर्च गरेको छ । जुन पालिकाको कुल आन्तरीक आम्दानी रु.६७८९४२२।५० को २२.०९ प्रतिशत हुन आउँछ । आन्तरिक आम्दानी वृद्धि गरेर मात्र खर्च गर्ने परिपाटिको विकास गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२० **अनुगमन तथा भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु.१४ लाख ३३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

२१ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा१२ मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ।पालिकाले निम्नानुसारका पदाधिकारी लाई ऐन विपरीत मोवाईल खरिद गरी सुविधा दिएकोले नियम सम्मत मान्न नसकिनएको रु

भौचर नम्वर र मिति	**पदाधिकारीको नाम**	**सामानको प्रकार**	**सुविधा रु.**
१७१।०८०।१०।८	उपाध्यक्ष नेत्रकला देवी शाही	One plus mobile nard 3 (16/256)	८४७५०।
१७०।०८०।१०।८	वडा अध्यक्ष राम बहादुर थापा	Samsung A73	७९१००।
		जम्मा	**१६३८५०।**

अनियमित भएको	१,६३,८५०

२२ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेकोमा सो अनुसार गरेको पाइएन । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ।
- पालिकाले आफ्नो क्षेत्र भित्रको घरजग्गा, सार्वजनिक र निजी जग्गा लगाएत जग्गाको लगत राखेको नदेखिएकोले जग्गाको लगत अद्यावधिक रुपमा राख्नुपर्दछ ।

पालिकाले इन्धन खर्च वापतको विवरण पाम्समा जनाउने गरको छैन ।

२३ पालिकाको साझेदारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष सञ्चालित देहायबमोजिमका योजनामा समपुरक अनुदान प्राप्त भएकोमा ५०/५० प्रतिशत लागत साझेदारी हुनुपर्नेमा पालिकाको साझेदारी कमी देखिएकोले नपुग साझेदारी रकम सम्बन्धित खातामा फिर्ता गर्नुपर्ने रु.

क्र.सं.	योजना	खर्च रु.	हुनुपर्ने पालिकाको साझेदारी रु.	भएको साझेदारी रु.	नपुग रु.	कैफियत
१	रुज बासल्ला सडक निर्माण	४६०७०००	२३०३५००	२०९४०००	२०९५००	संघ समपुरक
२	मल्लो ठुलासैन देखि तल्लो ठुलासैन सडक निर्माण	२९२४३००	१४६२१५०	१३६४९००	९७२५०	प्रदेश समपुरक
	जम्मा				३०६७५०	

प्रमाण पेश नगरेको	३,०६,७५०

२४ **पेश्की बाँकी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(५) वमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए वमोजिम प्रत्येक रनिङ विल वा अन्य विलवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ७५ मा कुनै व्यक्तिलाई दिइएको पेश्की रकम तोकीएको अवधिभित्र नै फस्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्य सम्ममा देहायवमोजिम म्याद नाघेको पेश्की रु.६३००००।० नियमानुसार फछ्यौट गर्नुपर्दछ।रु.

भौ नं	पेश्की लिनेको नाम	विवरण	गत आवको रु.	यस आवको म्याद नाघेको पेश्की रु.
५२४	बम बहादुर बुढा	घर भाडा	०	५५००००
४	विशाल वि.क.	कार्यक्रम खर्च	०	५००००
४६	विशाल वि.क.	कार्यक्रम खर्च	०	३००००
जम्मा				६३००००
गत वर्ष	रन्ता देवी दमाई	अन्य सहायता	५००००	
गत वर्ष	रविना।जुगल।कौशिक जे.भी.	गाउँपालिका प्रशासकिए भवन निर्माण	२२३२०००	
गत वर्ष	रविना।जुगल।कौशिक जे.भी.	गाउँपालिका प्रशासकिए भवन निर्माण	७७५३६००	
गत वर्ष	धुलिखेल निर्माण सेव प्रा.ली.	१० सैया अस्पताल निर्माण	७३५००००	
गत वर्ष	बलाता बेनिघाट सडक निर्माण उ.स.	बलाता बेनिघाट सडक निर्माण	७०००००	
गत वर्ष	इन्द्र बहादुर थापा	इन्धन	७००००	
गत वर्ष	इन्द्र बहादुर थापा	शैक्षिक प्रवर्धन कार्यक्रम	४००००	
गत वर्ष	इन्द्र बहादुर थापा	सवारी साधन मर्मत	७००००	
गत वर्ष	हर्कराज गिरी	विमा तथा नवीकरण	३००००	
गत वर्ष	मनोहर थापा	बाल पोषण भत्ता वितरण	२७०००	
गत वर्ष	लाल ब. कुँवर	पोषण कार्यक्रम	७५०००	
जम्मा			१८३९७६००	६३००००

पेश्की	६,३०,०००

२५ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १७ ऐन, ४ वटा नियमावली, ४ निर्देशिका, ३१ कार्यविधि र १२ नीति।संहिता।मापदण्ड आदि समेत ६८ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका वाँकी विषयमा कानुन वनाई कार्यान्वयन गर्नुपर्दछ।

२६ **संस्था तथा अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ.नं. र मिति	भुक्तानी भएको कार्यालय	विवरण	रकम रु.
पुँजीगत तर्फ			
६-८।१८	ढकारी इलाका प्रहरी चौकी	ढकारी प्रहरी चौकी प्रतिक्षालय निर्माण	४०००००
३८-११।१५	न्यू लालिगुँरास महिला बचत तथा श्रण सहकारी संस्था लि.	सहकारी भवन निर्माण अनुदान	५६९०००
१०३-३।२०	न्यू लालिगुँरास महिला बचत तथा श्रण सहकारी संस्था लि.	शौचालय निर्माण	३२००००
४१-१२।२५	तितौडा महिला विकास मञ्च	दराज, कुर्सि खरिद	६००००
चालु तर्फ			
२४४-११।८	अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन	गाढी भाडा	३५०००
२४७-११।८	क्रान्तिकारी कम्युनिष्ट पार्टी	आर्थिक सहयोग	९८५०
२४८-११।८	अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन	गाढी भाडा	१००००
२७९-१२।२	ग्लोवल आइ एम इ बैंक महेश शाही	भ्रमण खर्च	२००००
३३५-१२।३०	युवा संगठन नेपाल	गाडी भाडा	४९८००
३९७-२।३	नेपाल महिला संघ	आर्थिक सहयोग	११०००
४७२-३।१३	नेपाल कम्युनिष्ट पार्टी समाजबादी	आर्थिक सहयोग	२५०००
१७२-१०।८	इलाका प्रहरी कार्यालय ढकारी	मोटरसाइकल मर्मत	३५०००
	जिल्ला प्रहरी कार्यालय अछाम	गाडी मर्मत	८६४४५
	जम्मा		१६३१०९५

२७ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १२४ मा सेवा प्रदायक/निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरे पछि धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था उल्लेख छ । हरिगंगा निर्माण सेवालाई रु १८९०००। धरौटी फिर्ता गर्दा कर समायोजन बेगर धरौटी फिर्ता गरेकोले मूल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	१,८९,०००

२८ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने कार्यविधि तोकिएको छ। जुन प्रयोजनको लागि धरौटी राखेको हो, सो काम सम्वन्धि कारवाही अन्तिम रुपमा सम्पन्न भएको मितिले धरौटी फिर्ता लिन नआएको खण्डमा यसलाई सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रयोजन समाप्त भएको नभएको छुट्याएको छैन साथै कार्यालयको धरौटी खातामा असाढसम्म रु. ४२४९६७०।४३ बाँकी रहेको देखिन्छ। यसरी कार्यालयले आवश्यक कानूनी प्रकृया पुर्याई धरौटी फिर्ता गर्नु नपर्ने रकमलाई सदरस्याहा गरी राजस्व दाखिला गर्न कार्यालयले ध्यान दिनु पर्दछ।

२९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाभित्र रहेका सहकारीको विवरण पालिकाले राख्ने गरेको छैन जसबाट पालिकामा के कति सहकारी संस्था दर्ता संचालन रहेका छन् सो सम्बन्धमा एकिन हुन सकिएन । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३० **सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा स्थानीय तहले आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले ८ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु २६९००००।०० खर्च गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं	सवारी साधन	संख्या	खरिद रु.
१	मोटरसाइकल	८	२६९००००

३१ **आन्तरिक आय तर्फ**

३१.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६७८२१५२।०० अर्थात अनुमानको २२६.०७ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३१.२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०३०९४०।० कर सङ्कलन गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार गत वर्ष सम्म ४८२ व्यवसायी दर्ता रहेकोमा यसवर्ष जम्मा ३४२ व्यावसयीले मात्र नवीकरण गरेको र १४० व्यवसायीले व्यावसाय नवीकरण गरेको पाइएन भने यस वर्ष १५२ नयाँ व्यावसायी दर्ता भएको देखियो । पालिकामा दर्ता भएका व्यवसायीहरुको नवीकरण गरी राजस्व वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३१.३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय

अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

रकम रु.हजारमा

केन्द्रीय अनुदानबाट खर्च रु.	आन्तरिक आय रु.	आन्तरिक आय प्रतिशत
३६४११६	६७८२	१.८६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८६ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३१.४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार अनुमानको तुलनामा ० प्रतिशत देखि ८९२ प्रतिशत सम्मरहेको देखिन्छ।

क्रस	**आय शीर्षक**	**अनुमान रु.**	**असुली रु.**	**असुली प्रतिशत**
१	एकिकृत सम्पत्ति कर	३०००००	३६४९२३	१२१.६४
२	भुमिकर/मालपोत	५००००	१४२५३३	२८५.०७
३	वहाल कर	१०००००	४७१११५	४७१.१२
४	अन्य कर	३०००००	२६७६१६६	८९२.०६
५	नक्सापास दस्तुर	५००००	०	०.०
६	सिफारिस दस्तुर	६०००००	४७१६९२	७८.६२
७	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	२६९२००	५३.८४
८	नाता प्रमाणित दस्तुर	१०००००	५७००	५.७०
९	व्यवसाय रजिष्ट्रेशन दस्तुर	१०००००	१४५९००	१४५.९०
१०	व्यवसाय कर	९०००००	१०३०९४०	११४.५५
११	अन्य सेवा शुल्क तथा विक्रि	०	१६५७५६	-
१२	अन्य दस्तुर	०	११८६०१	-
१३	धरौटी सदरस्याहा	०	६२५००	-
१४	अन्य राजस्व	०	८४६७५०	-
	बेरुजु	०	१०३५०	-
	जम्मा	३००००००	६७८२१२६	२२६.०७

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३१.५ **कम्प्युटर लेखा प्रणाली** - पालिकाले राजश्वलाई नियमित र व्यवस्थित गर्न IPT(कर संकलन प्रणाली) सफ्टवेयर प्रयोग गरेको पाइयो। पालिकाबाट आर्जन हुने आम्दानीलाई सफ्टवेयर व्यवस्थित गरी रु. ६७८२१५२।०० आन्तरिक आय देखाएको पाइयो।प्राविधिक

विषयको कारण आम्दानीको सफ्टवेयर सिस्टमको परिक्षण गर्न सकिएन।सफ्टवेयरले देखाएको आम्दानीलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको भएतापनि सफ्टवेयर प्राविधिक विषय भएकोले सफ्टवेयरसंग सम्बन्धित जोखिम वा त्यसले पार्ने वा पारेको प्रभावबारे परिक्षणको सीमा भन्दा बाहिर रहेको छ।उक्त सफ्टवेयर राज्यको कानून अनुरुप र आर्थिक कारोवारालाई पारदर्शी तथा स्वच्छ तुल्याउन आर्थिक कारोवारको सुरक्षा, विश्वसनियता र आधिकारिकताका लागि प्रत्येक वर्ष IT Audit गराउनु पर्ने देखिन्छ। उक्त सफ्टवेयरहरु राज्यको कानून अनुरुप र आर्थिक कारोवारलाई पारदर्शी तथा स्वच्छ तुल्याउन विश्वसनियता र आधिकारिकताका विषयमा ध्यान दिनुपर्दछ।

३१.६ **ढुंगा गिट्टी वालुवा कर -** पालिकाले ढुंगा, गिट्टी, वालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्था अनुसार ढुंगा गिट्टी वालुवा तथा प्राकृतिक स्रोतको कर संकलन गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष ढुंगा गिट्टी वालुवा तथा प्राकृतिक स्रोतबाट रु.२८७७००।० राजस्व प्राप्त गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

- मापदण्डको बुँदा नं. ४(क) अनुसारको उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेमा गराएको छैन ।
- मापदण्डको बुँदा नं. ४(ख) अनुसारको वातावरणीय अध्ययन प्रतिवेदन तयारी तथा स्वीकृत गरेको छैन । साथै उत्खननको परिमाण एकिन गरेको छैन ।
- हरेक वर्ष ठेक्का व्यवस्थापन गर्नुपर्नेमा पालिकाले ठेक्का व्यवस्थापन नगरी एक जना कर्मचारी नियुक्त गरी उसैबाट राजस्व संकलन गर्ने गरेको छ । जसबाट पालिकाले कर्मचारी व्यवस्थापनमा वार्षिक रु.६००००।० खर्च लेखेको छ भने आम्दानी जम्मा रु.२८७७००।० असुल भएबाट राजस्व संकलनमा राजस्व संकलनको २०.८५ प्रतिशत खर्च गरेको देखिन्छ ।
- उत्खनन् पश्चात आवधिक तथा चौमासिक रुपमा अनुगमन निरिक्षण नभएबाट तोकीएको परिमाण भन्दा बढी परीमाण निकासी भए नभएको सम्बन्धमा एकिन भएन ।
- प्राकृतिक स्रोतको रोयल्टिको दर प्रदेश कानुनले तोके बमोजिम हुनुपर्नेमा पालिकाले संख्या र परिमाण नै नखुलाई प्रति ट्रिप रु.१०५०।० दर कायम गरी राजस्व संकलन गरेको छ । जसबाट कुन साईजको ढुवानी साधनको ट्रिप हो सो उल्लेख नगरी राजस्व दर तोक्दा कति परिमाणमा निकासी भयो सो को विवरण नखुल्ने तथा पालिकाको राजस्व समेत कम हुन जान्छ । पालिकाले प्रदेश कानुनले तोके अनुसारको दर कायम गरी राजस्व संकलन गर्नुपर्दछ ।
- प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्व संकलनको लागि नगदी रसिद छपाई गरी विभिन्न ठेलि श्री प्रकाश बहादुर थापालाई बुझाएकोमा रसिद नं. ८५० देखि ९०० सम्मको ठेली कार्यालयमा फिर्ता नभएकोले उक्त ठेलीबाट केकति राजस्व संकलन भयो सो सम्बन्धमा एकिन हुन सकिएन।

३१.७ **ढिला दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट सम्बन्धित राजश्व शिर्षकमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न सक्ने व्यवस्था छ । पालिकाले ढुंगा गिट्टी वालुवा तथा प्राकृतिक स्रोतको राजस्व संकलन गर्नको लागि प्रकाश बहादुर थापालाई देहायबमोजिमको नगदि रसिद दिएकोमा उक्त रसिदबाट प्राप्त राजस्व तोकीएको अवधिभन्दा ढिला गरी दाखिला गरेको देखिएकोले ढिला दाखिला गरेको रकम रु.२१३१५०।० को १० प्रतिशतले हुने रकम रु.२१३१५।० सम्बन्धितबाट असुल गर्नुपर्दछ ।रु.

रसिन नं.	जम्मा राजस्व रु.	राजस्व संकलन मिति	दाखिला मिति	जरिवाना रु.
५५१-६००	५५६५०	२०८०-३।५ देखि २०८०।८।११	२०८१।१।१८	५५६५
८०१-८५०	५२५००	२०८०।९।८ देखि २०८०।१०।९	२०८१।१।१८	५२५०
९०१-९५०	५२५००	२०८०।८।१३ देखि २०८०।९।८	२०८१।१।१८	५२५०
५१-१००	५२५००	२०८१।२।१ देखि २०८१।२।१८	२०८१।३।३१	५२५०
जम्मा	२१३१५०			२१३१५

असुल गर्नुपर्ने	२१,३१५

३२ **अनुगमन भत्ता** (६००-२०८१-३-२४):

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को अनुसुची १ (क) मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले आफ्नो स्थानीय तह भन्दा बाहिर भ्रमण गर्दा मात्र र दफा १२मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ।पालिकाले निम्नानुसारका सदस्यहरुलाई पालिका भित्र अनुगमन गरेको भनि रु २४७५०।भत्ता भुक्तानी गरेकोले ऐन विपरीतको खर्च असुल हुनु पर्ने रु

क्र.सं.	पदाधिकारी	भुक्तानी रु.
१	का पा सदस्य ईसरा देवी साउद	८२५०
२	का पा सदस्य लाल बहादुर कामी	८२५०
३	का पा सदस्य ईन्द्रा देवी वुढा	८२५०
	जम्मा	२४७५०

असुल गर्नुपर्ने	२४,७५०

३३ **महंगी भत्ता**

अर्थ मन्त्रालयको च नं १७१९ मिति २०७९।१।२१ को परिपत्र अनुसार करार तर्फका कर्मचारी लाई महंगी भत्ता नदिने उल्लेख छ। पालिकाले सुचना प्रविधि अधिकृत विक्रम वोहरालाई २०८० श्रावण देखि २०८१ असार सम्म प्रति महिना २००० का दरले १२ महिनाको २४०००।भुक्तानि गरेकोले अर्थ मन्त्रालयको परीपत्र विपरीत भुक्तानी भएको महंगी भत्ता असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	२४,०००

३४ **अन्य शीर्षकमा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा खर्चगर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको एवं खर्च गर्न बाँकी रहेको यकिन गरी खर्च गर्न वा खर्च गर्न निकासा दिनुपर्ने उल्लेख छ । पालिकाले निम्न भौचर नम्वर र मितिमा संघीय सशर्त अनुदान स्वास्थ्य तर्फका कर्मचारीको तलव शीर्षकबाट (२११११) जग्गा खरिद देखि कार्यालय सञ्चालन सम्मका सामाग्रि खरिद गरी भुक्तानी गरेको छ।यसरी ऐन नियम विपरीत तलव शीर्षकबाट अन्य शीर्षकमा खर्चगर्न नमिल्ने हुदा उक्त रकम संघीय सञ्चितकोष रकम दाखिला हुनुपर्ने रु

भौ नं र मिति	विनियोजित शीर्षक (तलव)	खर्च भएको कार्य	खर्च रु.
३९०।०८१।३।२४	कर्मचारीको तलव	बलाना स्वास्थ्य चौकीको लागि जग्गा खरिद	३३००००।००
२३३।०८०।१२।३०	कर्मचारीको तलव	ईन्टरनेट सेवा खरिद (सञ्चार)	२९८३२०।००
१५२।०८०।१०।२८	कर्मचारीको तलव	कार्यालय सामान	९५०००।००
३९१।०८१।३।२४	कर्मचारीको तलव	कार्यालय सामान	११७०००।००
		जम्मा	८४०३२०।००

अनियमित भएको	८,४०,३२०

३५ **पदाधिकारी पोशाक सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा१२ मा गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ।पालिकाले ग्वासी समैजि ट्रेडर्सलाई पदाधिकारी पोशाक वापत रु ७००२३८। भुक्तानि गरेको छ। ४४ जना पदाधिकारी लाई ऐन विपरीत पोशाक खरिद गरी सुविधा दिएकोले सम्वन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	७,००,२३८

३६ **बढी भुक्तानि**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को अनुसूची-१ (क) मा गाउँ कार्यपालिकाका सदस्यको बैठक भत्ता बाहेक अन्य सुविधा मासिक १३५००।का दरले व्यवस्था गरेको छ।पालिकाले निम्नानुसारका कार्यपालिकाका सदस्यहरुलाई मासिक सविधा १४०००। दरले (मासिक ५००।का दरलेबढी) ६ जना कार्यपालिका सदस्यहरुलाई सुविधा वापत रु ३६०००। बढी भुक्तानि भएको ले असुल गरी राजश्व दाखिला गर्नु पर्ने

सि नं	**का.पा सदस्यको नाम थर**	**रकम रु.**
१	पार्वती कुमारी साउद	**६०००।**
२	ईन्द्रा देवी शाही	**६०००।**
३	ईसरा देवी साउद	**६०००।**
४	ईन्द्रा देवी वुढा	**६०००।**
५	हस्त बहादुर वि क	**६०००।**
६	लाल बहादुर वि क	**६०००।**
		३६०००।००

असुल गर्नुपर्ने	३६,०००

३७ **कार्यालय समयमा भएको तालिममा कर्मचारीलाई भत्ता वितरण** (५८३-२०८१-३-२४):

अर्थ मन्त्रालय कार्यक्रम कार्यान्वियन निर्देशिका २०७७ वमोजिम कार्यालय समय भित्र भएका तालिम तथा वैठकको भत्ता उपलव्ध नगराउने उल्लेख छ। पालिकाले मिति २०८१।२।९ देखि २०८१।२।१५ सम्म सामाजिक तथा व्यक्तिगत घटना दर्ता सम्वन्धि तालिम कार्यालय परिसरमा सञ्चालन गरेको अवस्थामा अनुसूचीमा उल्लेख भए अनुसारका २२ जना कर्मचारीलाई करकट्टी बाहेक रु.५९५०।० का दरले रु.१३०९००।० भुक्तानी गरेकोले निर्देशिका विपरीत भुक्तानि भएको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,३०,९००

३८ **सवारी साधन भाडा**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा खर्च प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयलमा एउटा सवारी साधन सञ्चालनमा रहेको छ।पालिकाले प्रयोजन खुलाई र कहिले प्रयोजन नखुलाई गाडी भाडामा लिने र कसले प्रयोग गर्यो भन्ने कुरा नखुलाई (अनुगमन तथा भ्रमण खर्च बाहेक) गाडी भाडा वापत रु १५०००००।खर्च गरेको छ ।नियमावलीमा भएको व्यवस्थालाई कायम गर्दै खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

३९ **प्रमाण नपुगेको** (५-२०८०-१०-८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सार्वजनिक निकायबाट कुनै तालिम, कार्यक्रम, सेमिनार गर्नुपरेमा लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने तथा उक्त कार्यक्रम सम्पन्न भएपश्चात कार्यक्रममा भएको खर्च, विल भर्पाइ, कार्यक्रममा उपस्थितको विवरण, कार्यक्रमबाट लाभान्वीत व्यक्तिको संख्या, उपस्थिति लगाएतका विषय समावेश गरी प्रतिवेदन जारी गर्नुपर्ने व्यवस्था छ । पालिकाले खेलकुद कार्यक्रम बजेट शिर्षकबाट प्र. सहाएक श्री टंक बहादुर साउदलाई रु.१०००००।० भुक्तानी गरेकोमा खर्चको विल भर्पाई मात्र रहेको, कुन प्रयोजनमा के कार्यक्रम सञ्चालन भएको हो सो खुल्ने लागत अनुमान, सम्पन्न प्रतिवेदन लगाएतका कागजात नभएकोले उक्त रकम तोकीएको कार्यक्रममा नै खर्च भएको मान्न सकिदैन । अत खर्च पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्दछ । रु.

प्रमाण पेश नगरेको	१,००,०००

४० **बढी भुक्तानि** (५९९-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले एल आर मोटरसाईकल सर्भिसलाई मर्मत वापतको बील रु१०१००। भएकोमा रु २४७००। भुक्तानि गरेकोले बढी भुक्तानि भएको रु १४६००।असुल गरी राजश्व दाखिला हुनु पर्ने रु

असुल गर्नुपर्ने	१४,६००

४१ **बढी भुक्तानी** (१२-२०८१-२-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय पाठ्यक्रम निर्माण र छपाई कार्यक्रमको लागि शिक्षा शाखा प्रमुख श्री खड्कराज अधिकारीलाई रु.४५००००।० भुक्तानी गरेको छ । श्रेस्तासँग संलग्न विल भर्पाई र निजले भुक्तानी माग गरेको निवेदन अनुसार जम्मा रु.३४९८१०।० मात्र भुक्तानी गर्नुपर्ने देखिएकोमा बढी भुक्तानी गरेको रकम रु.१००१९०।० सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,००,१९०

४२ **निजी सवारी साधनको मर्मत खर्च** (383-२०८१-१-२८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले पालिकाको नाममा नरहेको रविना जुगल कौशी जे भी को लु ७५ प १००३ नम्वरको मोटरसाईकल मर्मत गरी डेनिस अटो सप एण्ड सप्लायर्सलाई रु ७१०००। भुक्तानि गरेको छ। निजि सवारी साधन मर्मत गरी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	७१,०००

४३ **कर कट्टी गर्नु पर्ने** (८९-२०८०-८-५):

आयकर ऐन २०५८ को ८८ र ८९ अनुसार भुक्तानि गर्दा कर कट्टी गर्नुपर्ने ब्यवस्था छ। पालिकाले सम्झौता बमोजिम ढकारी वृहत सास्कृतिक समितिलाई विविध कार्यक्रम वापत रु ३०००००। भुक्तानि गर्दा १५ प्रतिशत ले रु ४५०००।कर कट्टी गर्नु पर्नेमा रु २८५००। मात्र कर कट्टी गरेकोले नपुग कर रु १६५००। असुल गरी संघिय संचितकोषमा दाखिला गर्नु पर्ने रु

असुल गर्नुपर्ने	१६,५००

४४ **शिक्षक तलब**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ को लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ।तर पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान शिक्षक तथा कर्मचारी नियुक्त गरी विभिन्न विद्यालयलाई वित्तीय समानीकरण अनुदानबाट४२ विद्यालयका ११७ करार शिक्षकलाई रु.२,७६,९२,६३२।०० तलब भत्ता भुक्तानी गरेको पाइयो।

४५ **सम्वन्धित फर्मको नाममानै रकम भुक्तानि हुनुपर्ने**

महालेखा नियन्त्रक कार्यालयको आ व २०७९।८० बजेट कार्यान्वयन सम्वन्धि परिपत्रको बुदा नं ङ (३) मा कुनै पनि भुक्तानि गर्नुपर्ने रकम बैंक खाता मार्फत सम्वन्धितको नाममा EFT मार्फत भुक्तानि हुनु पर्ने ब्यवस्था गरेको छ।पालिकाले निम्नानुसारको भौचर नम्वरबाट निम्नानुसारका फर्महरुलाई भुक्तानि गर्नुपर्ने रकम कर्मचारीलाई भुक्तानि दिएक छ । पालिकाले सम्बन्धित फर्म तथा आपूर्तकलाई नै भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

भौ नं र मिति	भुक्तानि दिनुपर्ने फर्म/ सप्लायर्स	भुक्तानि लिने व्यक्ति	रकम
५७१।०८१।३।२२	एल आर मोटरसाईकल सर्भिस	कर्ण बहादुर साउद	४००००।
	अनिता नास्ता पसल	राम बहादुर थापा	४००००।
५७१।०८१।३।२२	साउद नास्ता पसल	अमर वि क	४००००।
५८४।०८१।३।२२	एस अटो वर्क सप	लोकेन्द्र बोगटी	५७६००।
५९२।०८१।३।२२	न्यु मिलन डिजिटल एण्ड ईलेक्ट्रनिक्स	कमल प्रसाद भण्डारी	५००००।
५९५।०८१।३।२२	न्यु सुधा एण्ड ट्रेड	कृष्ण प्रसाद देवकोटा	९४९२०।
	ज्योति स्टेशनरी	कृष्ण प्रसाद देवकोटा	९६८१८।
५९६।०८१।३।२२	वैद्यनाथ फ्लेक्स प्रिन्ट	कृष्ण प्रसाद देवकोटा	३९२००
	जानकी पसल	कृष्ण प्रसाद देवकोटा	३०४४०।
३७२।०८१।३।२	आई डि एल ईलेक्ट्रोनिक्स	खम्म नेपाली	४९३१८।
१८।०८०।६।२४	जनहित जनरल स्टोर	लोकेन्द्र बोगटी	२८२००।
जम्मा			५६६४९६।

४६ **बढी निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका विद्यालयहरुलाई चौमासिक रुपमा रु.१८३१०९।०० बढी निकासा दिएको छ। तसर्थ बढी निकासा दिएको रकम असूल गरी संघीय संचित कोषमा राजश्व खातामा दाखिला हुनुपर्ने रु.

विद्यालयको नाम	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी निकासा भएको रकम
श्री अष्टसिद्धी मा वि ढकारी	१४१०९८२। तेश्रो चौमासिक	१४७८७०३।	६७७२१।००
श्री ज्ञान मन्दिर मा.वि.ढकारी	७३१९४४।तेश्रो चौमासिक	७९३४४७।	६१५०३।००
श्री गोकुल मा वि ढकारी	८४०८८१।दोश्रो र तेश्रो चौमासिक	८९४७६६।	५३८८५।००
जम्मा			१८३१०९।००

असुल गर्नुपर्ने	१,८३,१०९

४७ **कर कट्टी** (४४०-२०८१-२-३१):

आयकर ऐन २०५८ को ८८ र ८९ अनुसार भुक्तानि गर्दा कर कट्टा गर्नुपर्ने ब्यवस्था छ। पालिकाले सम्झौता बमोजिम ढकारी कृषि मेला गर्दा विविध कार्यक्रम वापत रु १८१०००। भत्ता वितरण गरेकोमा नियमानुसार पारीश्रमिक कर १५ प्रतिशत ले रु २७१५०।कर कट्टी गर्नु पर्नेमा रु १८००।मात्र कर कट्टी गरेकोले नपुग कर रु २५३५०। असुल गरी संघिय संचितकोषमा दाखिला गर्नु पर्ने रु

असुल गर्नुपर्ने	२५,३५०

४८ **शिर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शिर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । त्यसै गरी अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५बमोनिमको को खर्च शिर्षकको वर्गिकरण र ब्याख्या अनुसार खर्च गर्नु पर्ने उल्लेख छ।पालिकाले विनियोजित वजेटबाट ऐन र निर्देशिका विपरीत एउटा शिर्षकको रकम अर्को शिर्षकमा खर्च गर्ने गरेको देखियो। विनियोजित बजेटबाट पालिकाले यो वर्ष निम्नानुसार शिर्षक फरक पारी खर्च गरेको अनियमित देखिएको रु

भौ न मिति	विनियोजित शिर्षक	खर्च भएको शिर्षक	रकम
६९/२०८०/०८/१६	२२७११ विविध	२२३११ कार्यालय सामन	४५१६६।-
७०/२०८०/०८/२०	२२७११ विविध	२२३११ कार्यालय सामन	१२५०००।-
१०६ र११२/२०८०/०९/२०	२२३११ कार्यालय सामन	२२२२१ मेशिनरी तथा औजार मर्मत	१३२०००।-
२९३/२०८०/१२/२०	२२७११ विविध	३१११५ फर्निचर तथा फिक्चर्स	२९०२९७।-
४०३/२०८०/०३/२०	२१११२ पदाधिकारी पारीश्रमिक	२११२१ पोशाक	३४००००।
५१७/२०८१/०३/२०	२२१४१ पदाधिकारीबैठक	२२२१२ ईन्धन	१०५८००।
५३७/२०८१/०३/२०	२१११२ पदाधिकारी पारीश्रमिक	२२२१२ ईन्धन	१५५०००।
५२०/२०८१/०३/२०	२७२१२ विपद व्यवस्थापन	२२३११ कार्यालथ सामान	१८००००।
जम्मा			१३७३२६३।

अनियमित भएको	१३,७३,२६३

४९ **सवारी मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०६ अनुसार कुनै पनि मालसामान मर्मत गरी प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाईने र मर्मत गर्दा उक्त सामानको बजार मुल्यको २५% भन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भएमा लिलाममा जान उपर्युक्त हुने उल्लेख छ। पालिकाले बा २ झ ३७६५ नम्वरको टोयटा

गाडी आव २०७४।७५ मा रु ७०६७१४० मुअकर वाहेक खरिद गरेको देखिन्छ। एक वर्षमा रु २८१४७२५। मर्मत खर्च गरेकोले नियमावलीमा व्यवस्था भए वमोजिम गर्नुपर्ने देखिन्छ।

भौ नं र मिति	फर्मको नाम	रकम
११३।०८०।९।१७	नेपाल अटो ट्रेडर्स	६६००००।
२४०।०८०।११।८	सन्तोष अटो मोटर्स	११५१०००।
१०७।०८०।९।१६	गौरीशंकर अटो मोवाईल्स	४४५०००।
५३७।०८१।०३।२०	माता मनोकामना अटो पार्टस	३३१६५५
५२२।०८१।०३।१९	सिंहदेवी अटो सेन्टर	१८२५००

५० प्रकोष व्यवस्थापन

५०.१ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्थान कोषमा गत बर्षको मौज्दात रु ५,७३,७०४.४९ र यो वर्ष रु.०।०० आम्दानी भएकोमा, कोषबाट यो बर्षमा रु.५६००००।० खर्च भई रु.१३७०४।४९ बाँकी रहेको देखीयो। विपद व्यवस्थापन सम्बन्धि कार्यविधि तथा नियम बनाएको अवस्था देखिएन । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

५०.२ **कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागु गराउने लगायत उल्लेख छ।पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापनको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

५०.३ **समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले उक्त समिति गठन गरेको भए पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका कार्यहरु गरेको देखिएन।ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

५१ भ्रमण खर्च

भ्रमण खर्च – भ्रमण खर्च नियमावली २०६४ को दफा ७ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण वा काज बाट फर्कदाको दिनको २५ प्रतिशत मात्र भुक्तानी पाउने उल्लेख छ। पालिकाले निम्न भौचर नम्वर र मितिमा अनुसुचिमा उल्लेखित पदाधिकारीलको कार्यालयमा फर्कदाको दिनमा पुरै अवधिको भ्रमण भत्ता भुक्तानीभएकोले बढी भुक्तानी असुल हुनुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१९,२००

५२ यातायात खर्च

भ्रमण खर्च – भ्रमण खर्च नियमावली २०६४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती कम खर्चिलो सवारी साधनको प्रयोग गरी भ्रमण गर्नु पर्दछ। नमुना परीक्षण गर्दा पालिकाले निम्न भौचर नम्वर र मितिमा गा पा उपाध्यक्ष

श्री नेत्रकला देवी शाहलाई सवारी साधन नभएको कारण देखाईकुनै दिन रिजर्भ र सम्झौता गरी भाडा भुक्तानी गरेको छ। जुन खर्च नियमावलीको मर्म विपरीत अस्वभाविक रुपमा बढी भुक्तानी भएको देखिन्छ केही उदारण निम्न छन।

भौ नं र मिति	भ्रमण अवधि	स्थान	भुक्तानी भएको रु.
२९२।२०८०।१२।११	०८०।१०।९- ०८०।१०।१४	ढकारी –धनगढी , धनगढी -ढकारी	८००००।
	०८०।१०।२४- ०८०।१०।३०	ढकारी –महेन्द्रनगर , महेन्द्रनगर -ढकारी	८००००।
	०८०।८।१८- ०८०।८।२१	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।
	०८०।९।२४- ०८०।९।२७	ढकारी –साफेवगर ,साफेवगर -ढकारी	३००००।
	०८०।११।१- ०८०।११।९	ढकारी–काठमाण्डौ,-काठमाण्डौ,ढकारी	१०००००।
	०८०।११।१०- ०८०।११।१३	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।
५२९।०८१।३।२०	०८१।१।२८- ०८१।२।२	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।
	०८०।१२।१५- ०८०।१२।२०	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।
	०८१।२।१४- ०८१।२।१८	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।
	०८०।१२।२८- ०८१।१।२	ढकारी –साफेबगर ,साफेबगर -ढकारी	३००००।
	०८१।२।६- ०८१।२।१०	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।
	०८०।११।१४- ०८०।११।२०	ढकारी –मंगलसेन , मंगलसेन -ढकारी	२००००।

५३ **सक्कल बील वेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्नानुसारका फर्म / सप्लायर्स बाट सक्कल बील भर्पाई राखी भुक्तानी गर्नुपर्नेमा फोटोकपी बील राखी भुक्तानी गरेकोले सक्कल बील भर्पाई पेश गर्नु पर्ने रु

भौ नं र मिति	**फर्मको नाम**	**बील नं र मिति**	**रकम**
२४०।०८०।१०।८	सन्तोष अटो मोटर्स	१२, ०८०।११।६	३४४६५०।
२४०।०८०।१०।८	सन्तोष अटो मोटर्स	१०, ०८०।११।६	४६३९६५।
५३७।०८१।३।२०	गौरीशंकर अटो मोवाईल्स	०६, ०८१।१।३	१४३९७८।
		जम्मा	९,५२,५९३।००

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३४४,०८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	९,५२,५९३

५४ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहले उक्त प्रक्रिया वेगर रु. ४९,२३,०५९।०० को औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५५ कर बिजक पेश गर्नुपर्ने

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद वा सेवा लिदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थाबाट गर्नुपर्दछ। पालिकाले निम्न फर्महरुलाई पान बिल राखि रु १६९१००। भुक्तानि गरेको छ। सार्वजनिक खरिद नियमावलीमा ब्यवस्था भए बमोजिम मू. अ. कर दर्ता भएको फर्मसँग खरिद गर्नुपर्ने देखिएकोले निम्नानुसारको भएको खर्चलाई नियम सम्मत मान्न नसकिने रु

भौ.नं र मिति	फर्मको नाम	बिल नं	बिलको मिति	रकम रु.
८७।०८०।४।२३	लखन ईन्जिनियरीङ वर्कसप	४२७ ४२८ ४३० ४३१ ४३३	२०८०।४।२३	८९१०००
२९८।०८०।१२।२०	वि एस अटो वर्कसप	३०१ ३०२ ३०३ ३०४	२०८०।८।५	८००००।
जम्मा				**९७१०००।**

अनियमित भएको	९,७१,०००

५६ सोझै खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐन नियम विपरीत सोझै खरिद गरेका सामानहरुको केही महिनाको नमुना परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन।

भौ. नं र मिती	फर्मको नाम	विवरण	खर्च रु.
११४।०८०।९।१७	थापा अर्डर एण्ड सप्लायर्स	कार्यालय समान	५४३६१०।००
११०।०८०।९।१६	लक्ष्मी ट्रेड	कार्यालय समान	३६९२१०।००
२९१।०८०।१२।२७	एन्जिलिना ट्रेड	कार्यालय समान	४८५०००।००
१०७।०८०।९।१६	गौरीशंकर अटो मोवाईल्स	गाडी मर्मत(३७६५)	४४५०००।
२४०।०८०।१२।८	सन्तोष अटो मोटर्स	गाडी मर्मत(३७६५)	११५१०००।०
५२२।०८१।३।१९	सिंहदेवी अटो सेन्टर	गाडी मर्मत(३७६५)	१८२०७०।००
५३७।०८१।३।२०	माता मनोकामना अटो पार्टस	गाडी मर्मत(३७६५)	३३१६५५।००
जम्मा			३५३७५४५।०

५७ **पाठ्यपुस्तक अनुदान**

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित र यकिन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट बमोजिम कक्षा १ देखि १२ सम्म अध्ययनरत विधार्थी संख्याको ७५ प्रतिशत संख्यालाई तेस्रो चौमासिक भित्र पाठ्यपुस्तक अनुदान रकम विद्यालय खातामा निकासा दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट निकासा दिने उल्लेख छ।यस वर्ष कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वापत रु. ४११५८७३७.१९। खर्च लेखेको छ। सो सम्वन्धमा स्थानीय तहबाट अनुगमन गरेको पाइएन।अनुगमन नभएकोले सम्वन्धित विद्यार्थीले पाठ्यपुस्तकको उपयोग गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन।अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ।पाठ्यपुस्तक खरिदको लागि अनुदान निकासा लिएका विद्यालयमध्ये नमुना परीक्षण गर्दा देहाय वमोजिमका विद्यालयहरुलाई पाठ्यपुस्तक वापत उपलब्ध गराएको रकम भन्दा कम रकमको विजक पेश भएको रु. ४१४४९१।०० असूल गर्नुपर्ने रु.

क्र. सं	**विद्यालयको नाम**	**निकाशा रु.**	**विल पेश रु.**	**बाँकी रु.**	**कैफियत**
1.	गुरुकुल माध्यमिक विद्यालय	७२७१७७	६२८४९६	९८५८१	माग भन्दा बढी निकासा
2.	कृष्ण आधारभूत विद्यालय	२५५८३	२२४९४	३०८९	निकासा भन्दा कमको विल
3.	सरस्वति आधारभुत विद्यालय	७५७९४	६७५९७	८२००	निकासा भन्दा कमको विल
4.	पुस्तिका आधारभुत विद्यालय	५१७८४	४६९४१	४८४३	निकासा भन्दा कमको विल
5.	मालिका आधारभुत विद्यालय	२३७५२	२२९८६	७६६	निकासा भन्दा कमको विल
6.	शिशुसुधार आधारभुत विद्यालय	२९०२३	०	२९०२३	पाठ्यपुस्तक खरिदको विल पेश नभएको
7.	मनकामना माध्यमिक विद्यालय	२६९९८९	०	२६९९८९	पाठ्यपुस्तक खरिदको विल पेश नभएको
जम्मा				**४१४४९१।**	

असुल गर्नुपर्ने	४,१४,४९१

५८ **बढी निकासा**

श्री विश्व सरस्वति आधारभुत विद्यालयको पाठ्यपुस्तक वापतको भुक्तानी कार्यालयले पेश गरेको सत्यापित विद्यार्थी संख्या भन्दा बढीको भुक्तानी गरेको देखियो।जसमा कक्षा १ मा १८ जना, २ मा १३ जना र कक्षा ३ मा १० जना विद्यार्थीको पाठ्यपुस्तक वापत भुक्तानी रु २२४२९ भुक्तानी हुनुपर्नेमा कक्षा १, २ र ३ मा क्रमशः ३१, १५ र १३ जना विद्यार्थीको रु. ३२०५९ भुक्तानी गरेको छ। बढी निकासा भएको रु. ९६३० असूल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९,६३०

५९ **विद्यालय अनुदान**

कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०।८१ अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकामा ४२ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन। नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

६० **शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

६१ **पाठ्यपुस्तक बुझेको भर्पाइ**

यस वर्ष ४२ विद्यालयको विद्यार्थीहरुको लागि पाठ्यपुस्तक वापत सत्यापित विद्यार्थी विवरणको आधारमा रकम निकासा गरेको गाउँपालिकाको भनाई रहेकोमा कार्यालयले पेश गरेको सत्यापित विद्यार्थी विवरणको आधारमा नमुना छनौट गरी परीक्षण गर्दा निम्न विद्यालयहरुमा पाठ्यपुस्तक वापत निकासा भएको रकम भन्दा कम विद्यार्थीले वुझेको भर्पाइ पेश भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु

क्र.सं.	विद्यालयको नाम	कक्षा	विद्यार्थीको सं.	निकासा रु.	भर्पाइ गरेको विद्यार्थी सं	भुक्तानी रु.	बाँकी रु.
1.	गुरुकुल माध्यमिक विद्यालय	८	१२१	१०६७४६	११२	९८८०६	७९४०
	गुरुकुल माध्यमिक विद्यालय	१०	१५६	१४४१४४	१३२	१२१९६८	२२१७६
3.	ज्ञानमन्दिर माध्यमिक विद्यालय ५	१०	२६	२४०२४	०	०	२४०२४
4.	पञ्चज्योति आधाभुत विद्यालय ३	८	१८	१५८७९	१२	१०५८६	५२९३
5.	अष्टसिद्धि माध्यमिक विद्यालय	१०	७४	६८३७६	६२	५७७२८	१०६४८
6.	अष्टसिद्धि माध्यमिक विद्यालय	५	६२	३९२८३	५७	३६११५	३१६८
7.	अष्टसिद्धि माध्यमिक विद्यालय	३	५२	३०२०१	४४	२५५५५	४६४६
जम्मा							**७७८९५**

असुल गर्नुपर्ने	७७,८९५

६२ **अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक खर्च लेखेको देखियो। एउटै शीर्षकमा विना कार्यविधि पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

६३ **स्यानिटरी प्याड बुझेको भर्पाई नभएको**

(१४५।०८०।१०।०९) पालिकाले बिभिन्न विद्यालयका छात्राहरुका लागि आवश्यक स्यानिटरी प्याड १७७०० प्याकेट (१४९६०० पीस) रु. १३९३०००।मा खरिद गरेकोमा १५ विद्यालयमा ८८.५ बोरा (१६९९२ प्याकेट/ पालिकाको भनाई अनुसार एक वोरामा १९२ प्याकेट स्यानिटरी प्याड) हस्तान्तरण गरेको भर्पाइ पेश गरेको छ।बाँकी ७०८ प्याकेट स्यानिटरी प्याड जिन्सीमा मौज्दात नरहेको साथै विद्यालयलाई हस्तान्तरण गरेको भर्पाइ पेश नभएकोले भर्पाइ पेश गर्नुपर्ने रु ५५९३१।

प्रमाण पेश नगरेको	५५,९३१

६४ **स्यानीटरी प्याड खरिदः**

स्यानीटरी प्याड खरिदः स्यानिटरी प्याड व्यवस्थापन तथा वितरण सम्वन्धी कार्यविधि, २०७६ को अनुसूची १ को दफा ३ मा पालिकाले खरिद गर्ने स्यानिटरी प्याडको साईज न्युनतम लम्वाई २४०±२०, चौडाई ६० देखि ७५ एमएम र मोटाई १५±२ एमएम उल्लेख छ।साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र दफा २१ मा यस कार्यक्रमको कार्यन्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ। गाउँपालिकाले मिति २०८०।१०।०९ मा १२६०० प्याकेट स्यानिटरी प्याड रु ९९३०००। मा डायमण्ड सर्जिकल हाउस, धनगढी १ संग र ५१०० प्याकेट स्यानिटरी प्याड रु. ४०००००। मा द डायमण्ड सर्जिकल हाउस, धनगढी १ संग वर्षान्तमा सोझै खरिद गरि कुल रु १३९३०००। भुक्तानी गरेको छ।पालिकाले स्यानिटरी प्याड खरिद प्रकृयामा कार्यविधिमा तोकिएको मापदण्डमा स्यानिटरी प्याड भए नभएको एकिन गरेको पाइएन।कार्यविधिमा तोकिएको स्पेस्फिकेशन अनुसार लागत अनुमान तयार नगरेको र सप्लायर्सले पेश गरेको विजकमा २४० mm लम्वाई मात्र उल्लेख भएको र चौडाइ तथा मोटाइको साइज उल्लेख नभएको साथै ल्याव परीक्षणको रिपोर्ट पेश नभएको कारण कार्यविधिमा तोकिएको मापदण्ड वमोजिम स्यानिटरी खरिद भएको सम्वन्धमा विश्वस्त हुन सकिएन। पालिकाले कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ।साथै प्रतिस्पर्धाबाट खरिद गर्नुपर्नेमा एकै दिन दुई सप्लायर्सबाट टुक्रा पारी सिधै खरिद गरेकोले सार्वजनिक खरिद ऐनको पालना गरेको पाइएन।

६५ **फिल्ड भत्ता**

स्वास्थ्य चौकीमा कार्यरत फिल्डमा खटिने चौथो र पाचौ तहमा कार्यरत स्वास्थ्य कर्मीलाई मासिक रुपमा फिल्ड भत्ता दिनुपर्ने व्यवस्था भएकोमा नमित्त कार्यालय प्रमुख र स्वास्थ शाखा प्रमुखलाई फिल्ड भत्ता वापत भुक्तानी भएको रु ६६९६०। सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु

सि.नं.	कर्मचारीको नाम	पद	दर रु.	महिना	भुक्तानी
१	लक्ष्मण शाह	अधिकृत छैठौ	२७९०	१२	३३४८०
२	दल वहादुर बुढा	अधिकृत छैठौ	२७९०	१२	३३४८०
जम्मा					**६६९६०**

असुल गर्नुपर्ने	६६,९६०

६६ तलवी प्रतिवेदन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।०५।१८ को चलानी नं. १८० पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको तलबी प्रतिवेदन सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको र पालिकाका कर्मचारीको खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब, ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६७ न्यानो झोला खरिद

स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शनमा न्योनो झोलाको Specification तोकिएको छ।जसअनुसार हिमालि जिल्लाको लागि प्रति न्यानो झोला रु १०००। र तराई र पहाडी जिल्लाको लागि प्रति न्यानो झोला रु ९००। को दरमा रकम व्यवस्था गरिएको छ।यसरी खरिद गर्ने न्यानो झोलाको मार्गदर्शनले तोकिए बमोजिमको Specification तयार गरि सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरि तोकिएको Specification अनुसार भए नभएको एकिन गर्नुपर्ने व्यवस्था छ।पालिकाले यो वर्ष ५०० थान न्यानो झोला प्रति थान ८९७.२२ मा रु. ४४८६१०।०० प्रशन्ना गार्मेन्ट, कैलालीबाट बाट खरिद गरेकोमा न्यानो झोलाको Specification तयार नगरेको तथा तोकिएबमोजिमको Specification भए नभएको एकिन गरेको छैन।पालिकाले मार्गदर्शनमा उल्लेखित Specification अनुसार न्यानो झोला खरिद तथा तोकिएको गुणस्तर अनुसार भए नभएको एकिन गर्नुपर्दछ।

६८ न्यानो झोला हस्तान्तरण तथा भर्पाइ

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले प्रशन्ना गार्मेन्ट, कैलालीबाट रु. ४४८६१०। को ५०० न्यानो झोला सेट खरिद गरेकोमा ४६१ सेट मात्र हस्तान्तरण गरेको भरपाई लेखापरीक्षणको क्रममा पेश भएको हुँदा बाँकी रहेको ३९ सेट न्यानोझोलाको प्रति सेट रु. ८९७। २२ का दरले जम्मा रु. ३४९९१ को हस्तान्तरण तथा वितरण गरेको भरपाई पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३४,९९१

६९ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ। कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गतका ८ वडामा कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना अन्तर्गत १० योजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ११ योजना गरी जम्मा २१ योजना सन्चालन गरेको छ। यस बर्ष कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि २०७७ अनुसार सूचिकृत बेरोजगार मध्येबाट कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना अन्तर्गत ४९ जना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ४० जना गरी जम्मा ८९ जना वेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रु. ५७७ र स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ भन्ने व्यवस्था भए बमोजिम सोही अनुसार श्रमिकको दैनिक ज्याला रु. ६६८ का दरले योजनामा रोजगार संलग्न गराई रु ५९,४५,२००। श्रमिक ज्याला भुक्तानी गरेको छ। गाउँपालिकाले योजना छनौट गर्दा योजना दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ। तर गाउँपालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा यकीन गर्न सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन भएका केही योजनाहरु

क्र सं	परियोजनाको नाम	वडा नं
1.	कालिका धाम सिंचाई पोखरी निर्माण	८
2.	वर्साली कुलो मर्मत	८
3.	मुडावाल्ला सिंचाई पोखरी तथा गोरेटो	८
4.	माथिल्लो तल्लो जुकेपानी खा. पा. मर्मत	३
5.	पुरानो मन्तोला खा. पा. मर्मत	२
6.	भैसि खर्क खा. पा. मर्मत	२
7.	गुदमगाड कापडा सिंचाई कुलो मर्मत	१
8.	अनारी पाल्ला खा. पा. मुल सुधार	७
9.	तुछारपानी खा. पा. मर्मत	६
10.	पुछेला खा. पा. मर्मत	६
11.	भक्काने मुल खा. पा. मर्मत	६
12.	धतुरे सिंचाई कुलो मर्मत	४

७० **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को (ख) मा सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको देहाय वमोजिमको योजना तथा आयोजनाहरुको निर्माण कार्यमा लागत अनुमान तयार गर्दा ढुवानी वापतको रकम सामाग्री खरिदको मूल्यमा समावेश गरेको तथा निर्माण कार्यमा लाग्ने खर्च पालिका वजेटबाट भुक्तानी गरिने गरी सम्झौता भएकोमा नापी कितावमा पुन ढुवानी शीर्षक समावेश गरी सो वापतको रकम लमसम भुक्तानी गरेको छ। कार्यक्रमको लागि आवश्यक सामाग्री पालिकाले खरिद गरी ढुवानी समेत भुक्तानी भएको अवस्थामा पुन: योजनामा पनि लमसममा ढुवानी रकम राखि भुक्तानी भएकोले थप ढुवानी खर्च लेख्नु पर्नाको कारण स्पष्ट गरी पेश गर्नुपर्ने अन्यथा ढुवानी वापत थप भुक्तानी रकम असुल गर्ने रु

क्र सं	परियोजनाको नाम	वडा नं	ढुवानी वापत भुक्तानी रु.
1.	कालिका धाम सिंचाई पोखरी निर्माण	८	७०००
2.	वर्सालि कुलो मर्मत	८	१०००
3.	मुडावाल्ला सिंचाई पोखरी तथा गोरेटो	८	१५०००
4.	माथिल्लो तल्लो जुकेपानी खा. पा. मर्मत	३	२००००
5.	पुरानो मन्तोला खा. पा. मर्मत	२	१००००
6.	भैसि खर्क खा. पा. मर्मत	२	१२०००
7.	गुदमगाड कापडा सिंचाई कुलो मर्मत	१	१००००
8.	अनारी पाल्ला खा. पा. मुल सुधार	७	१००००
9.	तुछारपानी खा. पा. मर्मत	६	७०००
10.	पुछेला खा. पा. मर्मत	६	१००००
11.	भक्काने मुल खा. पा. मर्मत	६	१००००
12.	धतुरे सिंचाई कुलो मर्मत	४	५०००
जम्मा			**११७०००**

असुल गर्नुपर्ने	१,१७,०००

७१ अनुगमन व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ को (ख) मा पालिकाबाट संचालित कार्यक्रम तथा आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्न पालिकाको उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति रहने व्यवस्था छ।पालिकाबाट संचालित कृषि तथा पशु, शिक्षा, लघुउद्यम तथा अन्य कार्यक्रमहरुको ऐनले तोकेको अनुगमन समिति मार्फत अनुगमन नभई अन्तिम भुक्तानी भएको पाइन्छ।यसरी ऐनले तोकेको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिवेक्षण गरी अन्तिम भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७२ आलुपकेट कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुयलको परिच्छेद-७ को ७.१ कृषि उत्पादन सामाग्री विउ, वेर्ना तथा विरुवामा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ।नयाँ आलुपकेट कार्यक्रम संचालनको लागि छनौट भएको त्रिपुरा सुन्दरी सामुदायिक कृषक समुह ढकारी, ६ संग पालिकाले सम्झौता गरि गो.भौ.नं. २१३(२०८०/१२/२०) बाट प्रतिकेजी रू. ८२ को दरमा ६४०० कि.लो. आलुको रू. ५२४८००।०० भुक्तानी भएको छ । साथै मलखाद तथा कृषि सामाग्री वापत रू. ७०२००।०० को बिल भरपाई संलग्न रहेको छ। यसरी उल्लेखित बिल भरपाई अनुसार आलुको बिउ खरिद वापत पालिकाले ५० प्रतिशत अनुदान वापत रू. २६२४००।०० र मलखाद तथा कृषि सामाग्री खरिद वापत ५० प्रतिशत अनुदान वापत रू. ३५१००।०० गरी जम्मा अनुदान रु. २९७५००।०० भुक्तानी गर्नुपर्नेमा रु. ३१२४००।०० भुक्तानी भएकोले रु १४९०० बढी भुक्तानी भएको छ।यसरी बढी भुक्तानी भएको रकम सम्वन्धित कृषक समूहबाट असूल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१४,९००

७३ सहभागीता भत्ता

सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ पहिलो संशोधन समेत को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। जसअनुसार अनुसूची १ मा पदाधिकारीले पालिका भित्र आयोजना भएको कार्यक्रममा सहभागी हुदाँ सहभागी भत्ता पाउने देखिदैन। नमुना छनौटको आधारमा परीक्षण गर्दा देहाय अनुसार कार्यक्रममा सहभागी भएको जनाई पदाधिकारी लगायतले प्रदेश कानूनमा उल्लेख नभएको सहभागी भत्ता भुक्तानी लिएको देखिएकोले उक्त रकम असुल गरि दाखिला गर्नुपर्दछ।

गो भौ नं	विवरण	रकम	असूल गर्नुपर्ने रु
७८।२०८०।०८।१८	स्वास्थ्य कार्यक्रमहरुको समिझा गोष्ठीमा अध्यक्ष लगायत अन्य पदाधिकारीहरुको सहभागिता	२३६००	२००६०
जम्मा			**२००६०**

असुल गर्नुपर्ने	२०,०६०

७४ **नर्म्स भन्दा बढी भुक्तानी**

कार्यसंचालन निर्देशिका, २०७७ को बुदाँ नं ७.१.१५ मा तालिम गोष्ठी कार्यशाला संचालन गर्दा सहभागीहरुलाई कार्यक्रममा सहभागी भएवापत प्रति सहभागी सहभागिता भत्ता रु. ७०० का दरले उपलब्ध गराउने व्यवस्था भएकोमा नमुना छनौट गरी हेर्दा पालिकाले २ दिने समिक्षा कार्यक्रममा सहभागी १६ जना पालिकाका कर्मचारीहरुलाई गो भौ नं ७८।२०८०।०८।१८ बाट १००० का दरले उपलब्ध गराएको छ।नर्म्स भन्दा बढी भुक्तानी रु. ९६००। सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

सि.नं.	कर्मचारीको नाम	पद	भुक्तानी रु.	भुक्तानी हुनुपर्ने रु.	बढी भुक्तानी (कर सहित) रु.
1	हिमाल कुँवर	हेल्थ असिस्टेण्ट	२०००	१४००	६००
2	बल वहादुर बुढा	सिनियर अहेव	२०००	१४००	६००
3.	लक्ष्मी विष्ट	अहेव	२०००	१४००	६००
4.	अमर विक	अहेव	२०००	१४००	६००
5.	महेन्द्र जैसी	अहेव	२०००	१४००	६००
6.	निलम कुमार बुढा	अनमी	२०००	१४००	६००
7.	खम्म बहादुर बुढा	सिअहेव	२०००	१४००	६००
8.	विष्णु प्रसाद जैसी	हेअ	२०००	१४००	६००
9.	लक्ष्मी सेट्टी	अनमी	२०००	१४००	६००
10.	टेक नारायण पोख्रेल	निप्रप्रअ	२०००	१४००	६००
11.	लक्ष्मण शाह	स्वास्थ्य संयोजक	२०००	१४००	६००
12.	सुरत वहादुर बुढा	स्वास्थ्य उपसंयोजक	२०००	१४००	६००
13.	हरिषचन्द्र रावल	का संयोजक	२०००	१४००	६००
14.	सेत वहादुर भुल	P.C.	२०००	१४००	६००
15.	विमल साउद	लेखापाल	२०००	१४००	६००
16.	दिसा वि सी	अनमी	२०००	१४००	६००
जम्मा					**९६००**

असुल गर्नुपर्ने	९,६००

७५ **सामाजिक सुरक्षा कार्यक्रम**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

(क) लगत कट्टाको अभिलेख: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन सक्ने सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

(ख) पारदर्शिता: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

ग) नवीकरण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नविकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नविकरण गरेको पाइएन । नविकरण नभएको लाभग्राहीको नविकरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

(घ) सार्वजनिक सुनुवाई: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

(ङ) अनुगमन तथा निरीक्षण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकोले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

(च) निस्कृय खाता: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

७६ **मृतकलाई भत्ता**

सामाजिक सुरक्षा वितरण कार्यविधिले जेष्ठ नागरिक भत्ता वितरण गर्दा भत्ता प्राप्त गर्ने लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा प्राप्त गर्ने विभिन्न वडाका विवरण मध्य मृत्युपश्चात मृत्यु दर्ता भएका निम्न लाभग्राहीको विवरण मृत्यु दर्ता किताबमा उल्लेख छ । पालिकाबाट प्राप्त तथ्यांकबमोजिम चौथो किस्तामा निजहरुको

नाममा सामाजिक सुरक्षा भत्ता वापतको रकम रु. ३०९७४.०० भुक्तानी भएको देखिएकोले मृत्यु भैसकेका लाभग्राहीको लगत कट्टा एवं खाता बन्द गरी भुक्तानी भएको रकम फिर्ता दाखिला हुनुपर्ने रु.

वडा नं.	लाभग्राहीको नाम	मृत्यु मिति	नागरिकता नं	खातामा जम्मा भएको रु.	पाउने रु.	बढी भुक्तानी रु.
६	बासुबदेवी बुढा	२०८१।०३।०४	९३५७	१२०००	८५१२	३४८८
२	जय वयक	२०८१।०१।१५	९५५४	१२०००	१९९५	१०००५
१	सुभधरा कामी	२०८१।०३।२१	६९३०६५२२२	१२०००	१०७७३	१२२७
३	रजे बुढा	२०८१।०१।०३	११९११।४३०	१२०००	३९९	११६०१
१	भुन्टी जैशी	२०८१।०२।२९	९३९०	१२०००	७३४७	४६५३
जम्मा						**३०९७४**

असुल गर्नुपर्ने	३०,९७४

७७ **दोहोरो नागरिकता नम्वर**

पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ ।साथै नियमानुसार प्रत्येक व्यक्तिको नागरिकता नम्वर फरक हुनुपर्नेमा एकै नागरिकता भएको दुई वा दुई भन्दा बढी व्यक्ति रहेकोले नागरिकता नम्वर सच्याउन सम्वन्धित निकायमा लेखि पहल गर्नुपर्दछ। यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन् -

सि.नं.	वडा नं.	लाभग्राहीको नाम	नागरिकता नम्बर	रकम भुक्तानी (त्रैमासिक) रु.
१	४	आइति कामी	९३५७	१२०००
२	६	बासु देवी बुढा	९३५७	१२०००
३	६	अम्मर सिंह थापा	९१६५	१२०००
४	१	मंगले बुढा	९१६५	१२०००
५	२	अम्मरे कामी	९२२	१२०००
६	१	दुरादेवी बुढा	९२२	१२०००
७	१	माक्षे बुढाथापा	९२२	१२०००
८	६	अम्मरे थापा	९१३	१२०००
९	५	पदम बहादुर बुढा	९१३	१२०००
१०	७	बजिरे कामी	९४२६	१२०००
११	१	धर्मे भण्डारी	९४२६	१२०००
१२	४	बल बहादुर सावद	९३८४	१२०००
१३	७	बीमा थापा	९३८४	७९८०
१४	६	रंगा थापा	१९८४५	१२०००
१५	७	धनी थापा	१९८४५	७९८९
१६	२	नारु ढोली	६९१०६२१७६१२	१२०००
१७	२	सरू ढोली	६९१०६२१७६१२	१२०००
१८	२	मैनी कामी	६९१०६२२२९८१	१२०००
१९	२	रेखा बी. क.	६९१०६२२२९८१	६३८४
२०	१	हीरादेवी देवकोटा	६९१०६५२०५२७	१२०००
२१	१	मनसरा राना	६९१०६५२०५२७	१२०००
२२	२	मन बुढा	६९३०६२२८०	१२०००
२३	३	मन देवी वुढा	६९३०६२२८०	१२०००
२४	५	बुद्धि देवी वुढा	६९३०६३४४२	१२०००
२५	४	पद्मा देवी सावद	६९३०६३४४२	१२०००
२६	६	खिउरी देवी कामी	६९३०६४१२	७९८०
२७	७	मातादेवी कामी	६९३०६४१२	७९८०
२८	१	भुन्टीदेवी कुँवर	६९३०६५६९	१२०००
२९	१	देउरुपा विष्ट	६९३०६५६९	१२०००
३०	८	बिष्णु खड्का	६९३०६६-२२	११९७०

३१	८	मोतिकला खड्का	६९३०६६-२२	११९७०
३२	४	दुरा देवी साउद	९/३३६	७९८०
३३	७	हीरा देवी थापा	९/३३६	१२०००

७८ दोहोरो सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम १३ मा दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गर्न नहुने तथा मृत्यु भैसकेका लाभग्राहीहरुको विवरण मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा नमुना परीक्षणको क्रममा पालिकाले निम्न व्यक्तिलाई दोहोरो सामाजिक सुरक्षा भत्ता वितरण गर्नुको साथै दोहोरो परेको व्यक्तिहरुको लगत कट्टा गरेको देखिएन । दोहोरो परेको व्यक्तिहरुको नाम लगत कट्टा गरि सम्वन्धित खातामा रकम फिर्ता गर्नुपर्ने रु.

नाम थर	नागरिकता नम्वर	किस्ता	खाता नम्वर	वडा न.	भुक्तानी रु.	कैफियत
प्रभुनाथ जैशी	९३३८	१	790100009724033	१	१२०००	
प्रभुनाथ जैशी	९३३८	१	790100009723033	१	८०००	बढी भुक्तानी
हरि बुढा	४८४	१	790100001329033	३	१२०००	
हरि बुढा	४८४	१	790100001329033	३	१२०००	बढी भुक्तानी
अमृता देवि बुढा	१९९९६	१	790100009388033	३	७९८०	
अमृता देवि बुढा	१९९९६	१	790100009387033	३	७९८०	बढी भुक्तानी
दाने कामि	९७८३	१	790100009718033	१	८०००	
दाने कामि	९७८३	१	790100009719033	१	८०००	बढी भुक्तानी
सुनिता कुमारी शाहि	६९०३६९०५११	१	790100001726033	३	७९८०	
सुनिता कुमारी शाहि	६९०३६९०५११	१	790100007794033	३	७९८०	बढी भुक्तानी
दाने कामी	९७८३	२	790100009718033	१	१२०००	
दाने कामि	९७८३	२	790100009719033	१	८०००	बढी भुक्तानी
अमृता देवी बुढा	१९९९६	२	790100009387033	३	७९८०	
अमृता देवी बुढा	१९९९६	२	790100009388033	३	७९८०	बढी भुक्तानी
सुनिता कुमारी शाही	६९०३६९०५११	२	790100001726033	३	७९८०	
सुनिता कुमारी शाहि	६९०३६९०५११	२	790100007794033	३	७९८०	बढी भुक्तानी
अमृता देवी बुढा	१९९९६	३	790100009387033	३	७९८०	
अमृता देवी बुढा	१९९९६	३	790100009388033	३	७९८०	बढी भुक्तानी
सुनिता कुमारी शाही	६९०३६९०५११	३	790100001726033	३	७९८०	
सुनिता कुमारी शाहि	६९०३६९०५११	३	790100007794033	३	७९८०	बढी भुक्तानी
अमृता देवी बुढा	१९९९६	४	790100009387033	३	७९८०	
अमृता देवी बुढा	१९९९६	२	790100009388033	३	७९८०	बढी भुक्तानी
सुनिता कुमारी शाही	६९०३६९०५११	४	790100001726033	३	७९८०	बढी भुक्तानी
सुनिता कुमारी शाहि	६९०३६९०५११	४	790100007794033	३	७९८०	
जम्मा					२०७६८०	

असुल गर्नुपर्ने	९९,८४०

७९ **पुँजीगतबाट चालु खर्च**

एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा पूँजीगत शिर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाउने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत शिर्षकबाट देहायबमोजिमका चालु कार्यक्रममा खर्च लेखेको छ । यसरी चालु प्रकृतिको खर्च पुँजीगत बजेटमा समावेश गरी खर्च लेख्नु नियमसम्मत नदेखिएको रु.

क्र.सं.	**शिर्षक**	**भुक्तानी पाउने**	**वापत**	**रकम**
१	सहकारी भवन निर्माण	शैक्षिक कल्याण वचत तथा ऋण सहकारी संस्था ली.	तालिम सञ्चालन	२३००००
		जम्मा		२३००००

अनियमित भएको	२,३०,०००

८० **शीर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले यस वर्ष गाउँपालिका पुँजीगत तर्फका निम्नानुसार कार्यक्रममा रकमान्तर तथा निर्णय नै नगरी तोकीएको खर्च शीर्षक भन्दा फरक पारी खर्च गरेको छ । शीर्षक फरक पारी खर्च गरेको रकम नियमसम्मत नदेखिको रू

भौ.नं.	कार्यक्रम	खर्च शीर्षक	भुक्तानी रु.
११२	टुकुरे डाँडा मालिका आ.वि. ढकारी ३ देविस्थान बाटो मर्मत	गाउँपालिका समपुरक कोष (समपुरक अनुदान प्राप्त योजनामा खर्च गर्नुपर्ने)	३९२०००
१०८	कालिका मा.वि. सभाहल निर्माण	गाउँपालिका समपुरक कोष (समपुरक अनुदान प्राप्त योजनामा खर्च गर्नुपर्ने)	४९५०००
१४४	मेलसैन गैराखाल सडक मर्मत	गा.पा. समपुरक कोष (समपुरक अनुदान प्राप्त योजनामा खर्च गर्नुपर्ने)	२९६०००
	जम्मा		११८३०००

अनियमित भएको	११,८३,०००

८१ **स्थानीय दररेट निर्धारण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म पनि ऐनमा व्यवस्था भए अनुसार न्यूनतम दररेट निर्धारण नगरेकोले ऐनमा भएको व्यवस्था अनुसार स्थानीय दररेट कायम गर्नुपर्दछ ।

८२ **हस्तान्तरण नगरेको**

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक सुचना पार्टीमा टाँस गर्नुपर्ने, तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । नियमानुसार प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

८३ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा लागत अनुमान तयार गर्दाको

समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिकाले लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको तर उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्ने गरी मेशिनको दर राखेर लागत अनुमान तयार गर्ने र मेशिन प्रयोग गरेको नापी तयार गरी रकम भुक्तानी गर्ने गरेको देखियो । हेभि इक्वीपमेन्ट प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । हेभी इक्वीपमेनट प्रयोग भएका केही योजनाहरु :

भौ.नं.	उपभोक्ता समितिको नाम	उपभोक्ता समितिलाई सम्झौता अनुसार भुक्तानी रु.
२०, ४६	लिफ्रुखोला देखि चिफ्ले खोलासम्म सडक निर्माण उपभोक्ता समिति	३३१६३२९
४२-९।२५	घट्टेखोला देखि लिफ्रुखोलासम्म सडक मर्मत	३२३४१५१
६४-१०।१०	राईथा सडक निर्माण उ.स.	६८६४१३
१३-१२।२०	चण्डिका मा.वि. फिल्ड कटीङ्ग	८०००००
१८१	गाण्डा फुलचढाउने चौरा फट्के ढुँगा गोपालेगाउँ कृषि सडक	९०२२६९
१०२-११।१६	कुस्कोट राँफा तोलिपाटा सडक निर्माण	२७४३९८२

८४ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीबाट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्यहरुमा निर्माण व्यवसायीबाट गराएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो सम्पुर्ण काम डोजर तथा हेभिउपकरण मार्फत गराउदानिर्माण व्यवसायीलाई सव कन्ट्र्याक्टमा लगाएको देखिन्छ । उपभोक्ता समितिलाई प्राप्त सबै काम निर्माण व्यवसायीको डोजर तथा हेभि उपकरण मार्फत गराउदा स्थानीय श्रम र सीपको उपयोग हुन सकेको देखिदैन । नियमावलीको उल्लिखित प्रावधान बमोजिम स्थानीय श्रम र सीपको प्रयोग हुने मनसायले उपभोक्ता समिति मार्फत हुने काममा निर्माण व्यवसायीको संलग्नतामा नियन्त्रण हुनु पर्दछ । केहि उदाहरणहरु

भौ.नं.	उपभोक्ता समितिको नाम	उपभोक्ता समितिलाई सम्झौता अनुसार भुक्तानी रु.	संलग्न निर्माण व्यवसायीको नाम	निर्माण व्यावसायीको विल पेश भएको रु.
१४-८।२१	मन्तोला वडा कार्यालय भलाने लोडेघाट ग्रामिण सडक निर्माण	५५००००	ओम श्री वण्डाली निर्माण सेवा एण्ड सप्लायर्स	६८६५८८
१५-८।२१	राक्सेखाद मैकाडाडा सडक निर्माण तथा मर्मत उ.स.	५५००००	गौरीसंकर निर्माण सेवा	६९०३३९
२५-१०।१०	मेल्सैन-वण्डालिमाडु हिम्चा सडक मर्मत उ.स.	७०००००	गौरीसंकर निर्माण सेवा	७७८००५
२९-१०।१७	हिम्चा कापडा बुडाकोट सडक निर्माण तथा मर्मत उ.स.	३०००००	गौरीसंकर निर्माण सेवा	३३५९३४
३४-१०।२५	फाटाबगर साझखोला सडक निर्माण उ.स.	६६५०००	गौरीसंकर निर्माण सेवा	७७८००५
५७-२।१	छिचुखाँद पुनेपाटा सडक निर्माण उ.स.	१४०००००	ढकारी जाल्पादेवी निर्माण सेवा प्रा.ली.	१५४१६७०
१०७-३।२१	सैनवजार बुढासैन लाखेगडा रिङ्गरोड सडक निर्माण	४५००००	ढकारी जाल्पादेवी निर्माण सेवा प्रा.ली.	५०९६३०
११३-३।२२	लेख तिखान वास्कोट सडक निर्माण तथा मर्मत उ.स.	७४७६६०	ढकारी जाल्पादेवी निर्माण सेवा प्रा.ली.	८४०७२०
७-८।२८	टुवाडा हुलाक बजार स्थानीय सडक मर्मत ग्राभेल उ.स.	१४११२००	ढकारी जाल्पादेवी निर्माण सेवा प्रा.ली.	१२५७४६४
	जम्मा	६७७३८६०		७४१८३५५

८५ **उपभोक्ता समितिबाट सामाग्री खरिद कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा मात्र उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले नियमावलीमा भएको व्यवस्था विपरित देहायबमोजिमको उपभोक्ता समितिबाट मालसामान समेत खरिद गरेको देखिएकोले उपभोक्ता समितिबाट मालसामान खरिद गरेको रकम नियमसम्मत नदेखिएको रु.

भौ.नं.	उपभोक्ता समिति	कार्यक्रम	भुक्तानी रु.
५४-१।२६	ढकारी खानेपानी तथा सरसफाई उपभोक्ता संघ	पाइप तथा सिमेन्ट खरिद	३२००००
१२४-३।२४	गाउँपालिका स्तरिय खानेपानी सिँचाई निर्माण तथा मर्मत उ.स.	प्रधानमन्त्री रोजगार कार्यक्रमको योजनाको लागि सामाग्री खरिद	२८६४०००
	जम्मा		३१८४०००

अनियमित भएको	३१,८४,०००

८६ **बढि भुक्तानी** (२४-२०८१-२-२):

प्रदेश, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा

भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले जाल्पादेवी आ.वि. घेरा पर्खाल निर्माण योजना उपभोक्ता समितिमार्फत सञ्चालन गरी रु.७००००००।० भुक्तानी गरेको छ । संलग्न नापी किताब अनुसार Angle pole 2.1long/4.5kg को ७९ वटा पोल जडान गरेको उल्लेख गरेकोमा पोलको तौल (७९´४.५ के.जी.) ३५५.५ के.जी. हुनुपर्नेमा ४५० के.जी.को भुक्तानी दिएकोले बढी भुक्तानी परिमाण ९४.५ के.जी.को प्रति के.जी. रु.१५६.८७ दरले रु.१४८२४।० मा उपभोक्ता समितिको अंश बाहेकको रकम रु.१२६००।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,६००

८७ **बढि भुक्तानी** (३९-२०८१-३-२०):

प्रदेश, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.पि. स्मृति आ.वि. घेरा पर्खाल निर्माण कार्य उपभोक्ता समितिमार्फत गराई रु.७००००००।० भुक्तानी गरेको छ । संलग्न नापी किताब अनुसार रिटेनिङ्ग वालको गारो लगाउने काममा लम्बाई ४०मी., चौडाई औषतमा ०.५७५ र उचाई १.५ भएको उल्लेख गरेकोमा सोको परिमाण ३४.५ घ.मी. हुनुपर्नेमा ४१ घ.मी. राखी भुक्तानी दिएकोले बढी परिमाण ६.५ घ.मी. को रु.१७०७९।७८ को दरले रु.१११०१८।५७ मा उपभोक्ता समितिको अंश बाहेकको रकम रु.९४३६५।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९४,३६५

८८ **सम्झौता भन्दा बढी भुक्तानी**

८८.१ (३-२०८०-३-४):

सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ नियम ३७(८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत १६ वटा शौचालय निर्माण उपभोक्ता समितिसँग रु.१६०००००।० व्यहोर्ने गरी रु.१८४००००।० को लागत अनुमान तयार गरी सम्झौता गरेकोमा उपभोक्ताको अंश बाहेक रु.२४०००००।० भुक्तानी गरेको छ । कुनै निर्णय तथा भेरियसन विना नै सम्झौता भन्दा बढी काम गराइ रकम भुक्तानी गरेको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	८०,०००

८८.२ **खन्ने कार्यको भुक्तानी** - सोही योजनाको श्रेस्तासँग संलग्न फोटो अनुसार उक्त शौचालय नयाँ निर्माण गरेको नभई मर्मत गरेको देखिएकोमा कार्यालयले फिल्ड कटिङ्ग वापत ३६ घ.मी. को रु.६७९।८ का दरले रु.२४४७२।८ भुक्तानी गरेकोले काम नै नभएको आइटमको भुक्तानी रकममा उपभोक्ता समितिको अंश बाहेकको रकम रु.२०८००।० एकिन गरी असुल गर्नुपर्दछ । रु.

असुल गर्नुपर्ने	२०,८००

८९ **बढी भुक्तानी** (२६-२०८०-१०-१०):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ३ नं. वडा कार्यालय भवन निर्माण तथा मर्मत उपभोक्ता समितिलाई रु.७००००००।०० भुक्तानी गरेकोमा संलग्न नापी किताब अनुसार Stone masonry in c/s mortar 1:4 कार्यमा १ वटा Staircase wall को कार्य परिमाण ३.०५´०.३०´३.०५ को २.७९ घ.मी. हुनुपर्नेमा ३ वटा वालको देखाई ९.७६ घ.मी.(३.०५´०.३०´३.०५´३.५) राखि भुक्तानी गरेकोले बढी परिमाण ६.७९ घ.मी. को रु.१५२५१।० का दरले रु.१०६३००।० मा उपभोक्ताको अंश बाहेकको रकम रु.९०३५५।० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । रु.

असुल गर्नुपर्ने	९०,३५५

९० **काम एकिन नभएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ढकारी खानेपानी तथा सरसफाई उपभोक्ता संघ मार्फत देहायबमोजिमको सामाग्री खरिद गरेकोमा उक्त सामाग्री खानेपानी तथा सरसफाई संघमा दाखिला भएको तर के प्रयोजन र कुन योजनामा उपभोग गरेको हो सो नखुलेकोले उक्त समाग्री प्रयोग भएको प्रमाण पेश गर्नुपर्दछ । रु.

क्र.सं.	सामाग्रीको नाम	परिमाण	रकम
१	25mm HDPE पाइप	१८०० मी	११७०००
२	20mm HDPE पाइप	२८६० मी	१५७३००
३	सिमेन्ट	४० कट्टा	४२०००
जम्मा			३१६०००
मु.अ.कर समेत जम्मा			३५७४१९

प्रमाण पेश नगरेको	३,५७,४१९

९१ **गा.पा. स्तरीय विद्युत विस्तार कार्यक्रम**

गाउँपालिकास्तरीय विद्युत विस्तार कार्यक्रममा यस वर्ष रु.२९९८०००।० खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-

९१.१ (१२-२०८०-८-१९):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्युत विस्तार कार्यक्रम अन्तर्गत रमिताराज निर्माण सेवा प्रा.ली.बाट सोझै विधिबाट खरिद कार्य गर्दा २२ पोल गाडेको, २ पोल लोड अनलोड, विभिन्न तार जडान गरेको उल्लेख गरी रु.५३२३४५।० भुक्तानी गरेको छ । २२ पोल गाडेको उल्लेख गरेकोमा पोल प्राप्तको स्रोत एकिन नभएको तथा २ पोल लोड अनलोड गरेको आधारमा २२ पोल गाडेको सम्बन्धमा एकिन हुन नसकिएकोले पालिकाले पोल प्राप्तको स्रोत पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,३२,३४५

९१.२ · **समन्वय -** पालिकाले आफ्नो क्षेत्र भित्रको विद्युतिकरण तथा विद्युत विस्तार कार्यक्रमको लागि यस वर्ष रु.२९९८०००।० खर्च गरेकोमा पालिका भित्र कुनै पनि लघु जलविद्युत सञ्चालन नभएको तथा अन्य विद्युत गृह संचालन नभएको अवस्थामा राष्ट्रिय प्रशारण लाइन अन्तर्गतको विद्युत तथा विद्युतिय लाईन विस्तारमा पालिकाले रकम खर्च गरेको देखिन्छ । यसरी पालिकामा राष्ट्रिय प्रशारण लाईन अन्तर्गतको विद्युतिकरणको कार्यमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय तथा कुनै सम्झौता भएको देखिएन । जसबाट पालिकाले विद्युत विस्तारको कार्य गर्ने तथा विद्युत प्राधिकरणले समेत सोही कार्य गर्ने हुँदा दोहोरो पर्न सक्ने देखिन्छ । अतः पालिकाले स्थानीय स्तरको विद्युतिकरण कार्यको लागि समेत सम्बन्धित निकायसँग समन्वयमा कार्य गर्नुपर्दछ ।

९१.३ (३०-२०८०-१०-१७):

डिपीआर निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ नियम ६ अनुसार कुनै पनि निर्माण कार्य सुरु गर्नुपुर्व खरिद सम्बन्धी सम्पुर्ण तयारी गरेर मात्र निर्माण कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गा.पा. स्तरिय विद्युत विस्तार कार्यक्रममा डिपीआर निर्माण बाहेक रु.२०४८०००।० खर्च गरेको र डिपीआर निर्माण वापत गरुण इन्जिनियर्स एसोसियट्स प्रा.ली. लाई रु.९५००००।०

भुक्तानी गरेको छ । विगत वर्षमा समेत विद्युत विस्तारमा रकम खर्च भएको र यस वर्ष पनि खर्च गरेकोमा उक्त खर्च डिपीआर अनुसार भएको सम्बन्धमा एकिन हुन सकिएन । साथै कार्यक्रममा रकम खर्च भए पश्चात डिपीआर निर्माण भएको देखिएकोले डिपीआर निर्माण गर्नुको औचित्य देखिएन । साथै पालिकाले डीपीआर अनुसार के कति कार्य भयो र के कति बाँकी छ सोको विवरण राखेको देखिएन । पालिकाले डिपीआर गर्नुपर्नाको कारण उल्लेख गरी गाउँसभाबाट नियमित गरेको प्रमाण पेश गर्नुपर्ने रु.

अनियमित भएको	९,५०,०००

९२ **ढुवानी खर्च**

सेरा शिव मन्दिरमा बन्ने झोलुङ्गे पुलको लागि आवश्यक स्टिल पार्टस खरिद तथा साइट सम्म ढुवानी गर्ने कार्य विगत आर्थिक वर्षमा नै सम्पन्न गरी रकम समेत भुक्तानी भएकोमा यस वर्ष समेत देहायबमोजिम रु.४८३३७३।२९ ढुवानी खर्च भुक्तानी गरेको छ । गत वर्ष नै खरिद र ढुवानी भईसकेका सामाग्रीको लागि यस वर्षमा पुन ढुवानी खर्च भुक्तानी भएको देखिएकोले दोहोरो ढुवानी खर्च रकम एकिन गरी असुल गर्नुपर्ने रु.

विवरण	ढुवानीभएको सामानको परिमाण	प्रतिके जि ढुवानी दर रु.	ढुवानीबापतको भुक्तानी रु.
CBT Cables, Buldog Grips and thimbles	१	४००००	४००००
Porter cable & bull grips	३८७२.४८	३१.८२	१२३२१५.२७
Porter other material	१८२९४.७४	१७.५	३२०१५८.०२
जम्मा			४८३३७३

असुल गर्नुपर्ने	४,८३,३७३

९३ **बोलपत्र विधिबाट खरिद**

पालिकाले यस वर्ष देहायबमोजिमको निर्माण कार्य बोलपत्र विधिबाट खरिद गरेको छ ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायी	लागत अनुमान	सम्झौता रकम
०१-२०८०।८१	रुज बासल्ला सडक निर्माण	लक्ष्मी जे.एम. निर्माण सेवा	११९४१९१४	४६२०४६९
०२-२०८०।८१	मल्लो ठुलासैन देखि तल्लो ठुलासैन सडक निर्माण	रमिताराज निर्माण सेवा	७९८६७२९	२९५८०३६
०३-२०८०।८१	बुडाखोला खानेपानी निर्माण	चक्र नम्रता निर्माण सेवा	५२०२७०८	२६९९३१

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

९३.१ **कार्यसम्पादन जमानत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार कार्यसम्पादन जमानतकोमान्य अवधि निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बोलपत्र खरिद गरेका उल्लेखित ठेक्का सम्झौताहरुको जमानत अवधि देहायबमोजिम कम अवधिको रहेको पाइएकोले नपुग अवधिको जमानत थप गर्नुपर्दछ ।

ठेक्का नं.	जमानत रु.	ठेक्का सम्पन्न मिति	जमानत रहेको अवधि	जमानतको हुनुपर्ने अवधि
०१-२०८०।८१	२९२९५७१	२०८१।२।३०	२०८१।१०।१६	२०८२।३।३०
०२-२०८०।८१	१९९२९४०	२०८१।२।१	२०८१।९।१६	२०८२।३।१
०३-२०८०।८१	९६७८९७	२०८१।२।१	२०८१।०८।१५	२०८२।३।१

९३.२

बीमा नगरेको - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा बीस लाख रुपैयाभन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष बीस लाख रुपैयाँभन्दा बढिका निर्माण कार्य गराएकोमा नियमानुसार बीमा गराएको देखिएन। निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नुपर्दछ ।

९३.३ **बढि भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं. १-२०८०।८१ को निर्माण व्यवसायी लक्ष्मी जे.एम. निर्माण सेवालाई रुज बासल्ला सडक निर्माण कार्यको कार्यसम्पन्न अंक रु.४५८६५७१।९ भएको अवस्थामा रु.४६०७०००।० भुक्तानी भएकोले बढी भुक्तानी गरेको रकम रु.२०४२९।० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२०,४१९

९३.४ **पिएसको विजक** - कार्यालयले पिएस आइटमको रकम भुक्तानी गर्दा निर्माण व्यावसायीले पेश गरेको छुट्टै सक्कल विजकको आधारमा मात्र रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले उल्लेखित सम्झौतामा देहायबमोजिमको पिएस आइटममा राखि होर्डिङ्ग बोर्डको लागि रकम भुक्तानी भएकोमा पिएसको छुट्टै विजक पेश नभएकोले पिएस आइटमको विजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ । रु.

ठेक्का नं.	भुक्तानी रु.
०१-२०८०।८१	१००७७
०२-२०८०।८१	१००७७
०३-२०८०।८१	१००७७
जम्मा	३०२३१

प्रमाण पेश नगरेको	३०,२३१

९४ ल्यापटप खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुदैन भन्ने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा २० लाख सम्मको सामाग्री मात्र शिलबन्दी दरभाउपत्र विधिबाट खरिद गर्न सकिने र सो भन्दा बढीको खरिद कार्य बोलपत्र विधिबाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले गा.पा. अन्तर्गतका ४२ विद्यालयलाई ४२ थान डेल आई ५ ल्यापटप खरिद कार्यक्रममा देहायबमोजिम विनियोजित बजेटको एकमुष्ट रुपमा खरिद कार्य नगरी शिलबन्दी दरभाउपत्र र सोझै विधिबाट खरिद गरी रु.२५९१०००।० खर्च लेखेको छ । एकै कार्यक्रममा विनियोजित बजेटबाट उच्च प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्नेमा टुक्रापारी शिवन्दी दरभाउपत्र विधिबाट इ-विड मार्फत खरिद गरेकोमा सोही कार्यक्रमको बाँकी रकमबाट सोही संस्थासँग सोही दरमा पुन सोझै खरिद गरेको छ । कार्यक्रममा वनियोजित बजेटबाट उच्च प्रतिस्पर्धा हुने बोलपत्र विधिबाट खरिद कार्य गर्नुपर्दछ ।

भौ.नं.	आपुर्तक	खरिद परिमाण	भुक्तानी रु.	खरिद विधि
११५	पूर्णिमा मोबाइल ग्यालेरी एण्ड सप्लायर्स	२९ थान	१७९५७९६	सिलवन्दी
११६	पूर्णिमा मोबाइल ग्यालेरी एण्ड सप्लायर्स	१३ थान	७९५२०४	सोझै
जम्मा			२५९१०००	

९५ क्रमागत ठेक्का

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा क्रमागत योजनाहरु देहायबमोजिम रहेका छन् ।

ठेक्का नं.	कामको विवरण	निर्माण व्यवसायी	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्ने मिति	म्याद थप समेत अवधि	हालसम्मको भुक्तानी रकम
७-०७८।७९	प्रमुख प्रशासकीय भवन निर्माण	रविना/जुगल/कौशिक जेभि	७२८१४६७०	२०७८।१२।२४	२०८१। ३।३०	२०८२। ३।३०	१३५८७१३४
९-०७७।७८	१० शैया अस्पताल निर्माण	धुलिखेल निर्माण सेवा	७६१७०५४१	२०७८।३।२२	२०८०। ३।१५	२०८२। ३।३	३४१८१८९०

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

९५.१ **बोलपत्र कागजात** -सार्वजनिक निकायले खरिद तथा सम्झौता सम्बन्धी कागजात प्रामाणित गरि राख्नुपर्दछ । पालिकाले विगत वर्ष तथा यस वर्ष समेत बोलपत्र विधिबाट खरिद कार्य सम्पन्न भएका खरिद सम्झौता, लागत अनुमान, बोलपत्र मुल्याङ्कन लगाएतका कागजात संलग्न गरी फाइल खडा गरी राखेको पाइएन । खरिद सम्झौता तथा वोलपत्र प्रक्रिया सम्बन्धी सम्पुर्ण कागजात अध्यावधिक गरि राख्नुपर्दछ ।

९५.२ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार खरिद सम्झौताको अवधिभित्र खरिद कार्य सम्पन्न हुन नसकेमा खरिद सम्झौताको अवधि सकिनुभन्दा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, वीमा र पेश्की सम्बन्धि जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा निवेदन पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायिले नियमावलीमा व्यवस्था गरेको कागजात र सम्पन्न हुन नसकेको कारण नखुलाई म्याद थपको लागि दिएको निवेदनको आधारमा मात्र कार्यपालिकाको मिति २०८१।०३।०६ को निर्णयानुसार दुवै ठेक्कको म्याद एकमुष्ट रुपमा १ वर्ष थप गरेको छ । उचित कारण वेगर म्याद थप गर्नुभन्दा समयमा नै निर्माण कार्य सम्पन्न गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९५.३ **मूल्य समायोजन** -सार्वजनिक खरिद नियमवली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा ठेक्का सम्बन्धि कागजात र खरिद सम्झौता अनुसारकाो मुल्य समायोजन भुक्तानी गर्ने डाटा सिट उपलब्ध नगराएकोले ठेक्का नं. ७-०७८।७९ मा मुल्य समायोजन भुक्तानी भएको रु.६९४८०७।० सम्बन्धमा एकिन हुन सकिएन । अतः मुल्य समायोजन सम्बन्धमा निर्माण व्यवसायीले पेश गरेको मुल्य समायोजन गणना सिटको कागजात पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६,९४,८०७

९५.४ **कार्यसम्पादन जमानत** -पालिकाले खरिद सम्झौताको म्याद थप गर्दा कार्यसम्पादन जमानतको समेत म्याद थप गरेर मात्र म्याद थप गर्नुपर्दछ । उल्लेखित क्रमागत ठेक्काको कार्यसम्पादन जमानतको म्याद देहायबमोजिम रहेको हुँदा म्याद थप अनुसार कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

ठेक्का नं.	जमानत रकम	ठेक्का सम्पन्न मिति म्याद थप समेत	जमानत रहेको अवधि	जमानतको हुनुपर्ने अवधि
७- ०७८।७९	३८०००००	२०८२। ३।३०	२०२४ सेप्टेम्बर २५	२०८३।४।४०

९५.५ **बीमा नगरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा बीस लाख भन्दा बढिको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पुर्ण प्रतिस्थापन हुने खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीले वीमा नगराएको अवस्था नै ठेक्का सम्झौता तथा ठेक्का म्याद थप गरेको देखिन्छ । निर्माण कार्यको बीमा गराई सम्भावित क्षति तथा जोखिमको व्यवस्थापन गराई नियमावलीको कार्यान्वयन गर्नु पर्दछ ।

९५.६ **ल्याव टेस्ट** - सार्वजनिक निकायले निर्माण कार्यमा प्रयोग हुने सामाग्री लगाएतका सामाग्री ल्याव टेष्ट गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले भवन निर्माणमा प्रयोग भएका सामाग्रीको ल्याव टेष्ट गरेको पाइएन । निमार्ण सामाग्री ल्याव टेष्ट गरेर मात्र निर्माण कार्य गर्नुपर्दछ ।

९६ सेवा परामर्श खरिद

९६.१ पालिकाले यस वर्ष सेवा परामर्श खरिद वापत देहायबमोजिमको कार्य गरेको छ ।

भौ.नं.	कार्यक्रम	परामर्शदाता	लागत अनुमान	भुक्तानी रकम	सम्झौता	अवधि	सम्पन्न	योजनाको प्रस्तावित लागत
१३	गा.पा.को सम्पूर्ण भुमिको वर्गिकरण	क्युव इन्फो कम्पनी प्रा.ली.	१९९६६१९	१९७००००	२०७९।१०।८	३ महिना	२०८०।८।१९	नभएको
२२	ढकारी कमलबजार मुख्य सडक खण्डको डिपीआर निर्माण	बुढीगंगा इन्जिनियरिङ्ग एण्ड कम्सल्टेन्सी प्रा.ली.		१४९४०००	२०७९।१२।८	२०८०।३।८	२०८०।८।२७	१२८४१५२२१०
३०	गा.पा. स्तरिय विद्युत विस्तार डिपिआर	गरुण इन्जिनियर्स एसोसियट्स प्रा.ली.	१०००७५०	९५००००	२०८०।५।२६	२०८०।७।२४	२०८०।१०।४	५२६४९८६६८

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

९६.२ **लागत अनुमान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नर्म्स, सम्बन्धित क्षेत्रगत शर्त, वा सोही प्रकृतिको खरिद कार्यमा लागेको वास्तविक लागतलाई आधार लिइ लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष परामर्शबाट खरिद गरेका कार्यक्रमको लागत अनुमान तयार गर्दा उक्त आधार नलिइ पालिकाबाट विनियोजन वजेटलाई नै विभिन्न क्षेत्रमा छुट्याइ लागत अनुमान तयार गरेको देखियो । जसबाट लागत अनुमान यथार्थपरक भएकोमा एकिन हुन सकिएन ।

९६.३ · **प्रस्ताव मुल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ मा प्रस्ताव माग गर्ने र नियम ७६ मा प्रस्ताव मुल्याङ्कन गर्ने सम्बन्धि व्यवस्था छ । पालिकाले यस वर्ष परामर्श सेवा खरिद गरेका कार्यक्रमको लागि प्रस्ताव माग गरी खरिद गरेको देखिएता पनि संलग्न श्रेस्ता अनुसार उक्त प्रस्तावको प्राविधिक मुल्याङ्कन नगरी सोझै आर्थिक प्रस्तावको आधारमा खरिद सम्झौता भएको देखियो । जसबाट परामर्शदातासँग तोकीएको कार्य गर्न सक्षम सम्बन्धित जनशक्ति तथा प्राविधिक क्षमता भए नभएको सम्बन्धमा एकिन हुन सकिएन र पेश भएको प्रतिवेदन गुणस्तरिय भएको मान्न सकिएन ।

९६.४ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले कुनै माध्यमबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधि लगत अध्यावधिक गर्नु, गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष खरिद भएका माथि उल्लेखित परामर्श खरिद वापतका प्रतिवेदन पालिकाको जिन्सी किताब/पाम्समा दाखिला गरेको पाइएन । अत उक्त प्रतिवेदन दाखिला गरेको प्रतिवेदन पेश गर्नुपर्दछ ।

९६.५ **योजना सञ्चालन** - आगामी वर्ष बजेट विनियोजन गरी योजना कार्यान्वयन गर्न सकिने योजनामा मात्र डीपिआर गर्नुपर्नेमा पालिकाबाट डिपीआर भएका योजनामा यस वर्ष बजेट विनियोजन तथा कार्यान्वयन भएको पाइएन ।

९७ **प्रमुख प्रशासकीय भवन निर्माण**

स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७६ को बुदा न १२ मा नेपाल सरकारबाट गाँउपालिकाको हकमा ६० प्रतिशत बजेट उपलव्ध हुने व्यवस्था छ । त्यसै गरी बुदा नं. १४ मा स्थानीय तहले यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको प्रत्येक रनिङ बिलको रकम भुक्तानी दिदा तोकिएको लागत सहभागिताको अनुपातमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष प्रमुख प्रशासकीय भवन निर्माण वापत निर्माण व्यवसायी रविना/जुगल/कौशिक जेभिलाई निम्नानुसार ३ रनिङ बिलबाट कूल रू.८९७८४००।० को ६० प्रतिशतले हुने रू.५३८७०४०।० नेपाल सरकारले व्यहोर्नु पर्ने देखिएकोमा पालिकाले नेपाल सरकारको स्रोतबाट रू.३००००००।०० मात्र भुक्तानी दिदा स्थानीय तहबाट रू.२३८७०४०।०० बढि अनुपातमा भुक्तानी भएकोले सो सम्बन्धमा नेपाल सरकारलाई जानकारी गराई नेपाल सरकारबाट स्थानीय संचित कोषमा सोधभर्ना हुनुपर्दछ ।

विवरण	भुक्तानीभएको कुल रकम रू	नेपाल सरकारो लागत सहभातिता अनुसार हुने रकम रु.	नेपालसरकारको बजेटबाट भएको भुक्तानी रु.
तेस्रो बील	१९४६६००	११६७९६०	०
चौथो बील	४०३१८००	२४१९०८०	०
पाँचौ बील	३००००००	१८०००००	३००००००
जम्मा	८९७८४००	५३८७०४०	३००००००

९८ **नविकरणीय उर्जा प्रविधि जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशन, विगतमा सोही प्रकृतिको खरिदमा लागेको लागत, प्रचलित दरभाउ, तोकीएको जिल्ला दररेट आदिलाई आधार लिनुपर्ने उल्लेख छ । पालिकाले नविकरणीय उर्जा प्रविधि जडान कार्यको लागत अनुमान नै तयार नगरी सोझै प्रस्ताव माग गरी पेश भएको प्रस्ताव मध्यबाट नरदेव सप्लायर्स तथा आयल स्टोरबाट रु.९९८०००।० बराबरको ७० सेट सोलार खरिद गरि वितरण गरेको छ । खरिद सोलारको प्राविधिक परिक्षण भएको देखिएन । साथै ७० सेट सोलार वितरणको आधार र मापदण्ड समेत पालिकाले नबनाई वडाको सिफारिसका आधारमा वितरण गर्ने गरेको तथा उक्त सोलार वितरणको भर्पाइ राखी खर्च लेखेतापनि त्यसको विवरण पालिकामा रहेको पाइएन । पालिकाले मालसामान खरिद गर्दा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गर्ने, सामाग्री प्राप्त भए पश्चात प्राविधिक परिक्षण गराएर मात्र दाखिला गर्ने, सामाग्री वितरण गर्दा त्यसको आधार र मापदण्ड निर्माण गरेर मात्र वितरण गर्ने व्यवस्था गर्नुपर्दछ ।

९९ **कन्टेन्जेन्सी खर्च**

९९.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि कुल लागतको २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालित निर्माण योजनाबाट ४ प्रतिशत दरले कन्टेन्जेन्सी कट्टी गर्ने गरेकोमा वार्षिक रुपमा केकति रकम कट्टी गरेको हो सो सम्बन्धि अभिलेख खाता राखेको पाइएन । जसबाट खर्च रकम पनि नियमावलीमा भएको व्यवस्था अनुसार नै खर्च भएको सम्बन्धमा एकिन हुन सकिएन । पालिकाले कन्टेन्जेन्सी खाताको व्यवस्था गरी सोही अनुसार खर्च गर्नुपर्दछ ।

९९.२ **बढी कन्टेन्जेन्सी कट्टी-** पालिकाले निर्माण कार्यको लागत अनुमान तथा उपभोक्ता समितिसँगको सम्झौतामा कार्यालयले व्यहोर्ने अंशको ४ प्रतिशतले हुने रकम बराबर कन्टेन्जेन्सीको अंश उल्लेख गरी सम्झौता गरेकोमा भुक्तानी गर्दा लागत अनुमान र सम्झौता भन्दा बढी रकम कन्टेन्जेन्सी कट्टि गरी खर्च गरेको रकम नियमसम्मत नदेखिएन रु.

भौ.नं.	उपभोक्ता समितिको नाम	ल.इ. अनुसार कन्टेन्जेन्सी रु.	कट्टी कन्टेन्जेन्सी रु.	बढी कट्टी रु.
९-८।१९	दलित टोल नाउले खानेपानी योजना उ.स.	२००००	२५०००	५०००
१४-८।२१	मन्तोला वडा कार्यालय भलाने लोडेघाट ग्रामिण सडक निर्माण	२२०००	२७०००	५०००
१५-८।२१	राक्सेखाद मैकाडाडा सडक निर्माण तथा मर्मत उ.स.	२२०००	२७०००	५०००
१८-८।२५	थारम खानेपानी मर्मत उ.स.	२४०००	३००००	६०००
२५-१०।१०	मेल्सैन-वण्डालिमाडु हिम्चा सडक मर्मत उ.स.	२८०००	३३०००	५०००
५७-२।१	छिचुखाँद पुनेपाटा सडक निर्माण उ.स.	५६०००	६००००	४०००
९०-३।१७	दलितटोल वस्ती निर्माण उ.स.	३६०००	४००००	४०००
११३-३।२२	लेख तिखान वास्कोट सडक निर्माण तथा मर्मत उ.स.	३००००	३५०००	५०००
	जम्मा	२३८०००	२७७०००	३९०००

अनियमित भएको	३९,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : ढकारी गाउँपालिका, अछाम , ढकारी गाउँपालिका , अछाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मण साह	२०७९-७-२३	हाल सम्म कार्यरत
लेखा प्रमुख	विमल साउद	२०७७-९-१८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,०३०,४१४	८,९३४,४३३	३,७०९,६५७	०	०	६३०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,३०४,५०४
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					३४४,०८५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१५,९६०,४१९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२३३९३५५२.०५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६५५९६०००	चालु खर्च	३०३८९१८१७.९२
प्रदेश सरकारबाट अनुदान	१३४२९४००	पूँजीगत खर्च	५८४६४६५५
राजश्व बाँडफाँट	८५०९०४८५.६१	वित्तीय/अन्य व्यवस्था	१३७०६८३२६.४९
आन्तरिक आय	६७८९४२२.५		
अन्य आय	१२१०४८०७२.२		
कुल आय	४९१९५३३८०.३१	कुल खर्च	४९९४२४७९९.४१
बाँकी मौज्दात		१५९२२१३२.९५	

बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.सं.	पद	नामथर	भुक्तानी रकम (करकट्टी पश्चात)
१	जिन्सी शाखा प्रमुख	लोकेन्द्र बहादुर बोगटी	५९५०
२	प्रशासन सहायक वडा नं. १	मनसरा विष्ट कुँवर	५९५०
३	सहायक कम्प्युटर अपरेटर वडा नं. २	सिर्जना साउँद	५९५०
४	सहायक कम्प्युटर अपरेटर वडा नं. २	कृष्ण बहादुर बुढा	५९५०
५	सहायक कम्प्युटर अपरेटर वडा नं. २	संगीता बुढा	५९५०
६	प्रशासन सहायक वडा नं. ५	विन्द्रा साउँद थापा	५९५०
७	प्रशासन सहायक वडा नं. ६	मोहन वि.सी.	५९५०
८	प्रशासन सहायक वडा नं. ७	मनोहर थापा	५९५०
९	प्रशासन सहायक वडा नं. ८	जानकी उपाध्याय	५९५०
१०	फिल्ड सहायक	दिपेन्द्र बहादुर शाही	५९५०
११	फिल्ड सहायक	प्रकाश बहादुर साउँद	५९५०
१२	प्रमुख प्रशासकीय अधिकृत	लक्ष्मण शाह	५९५०
१३	प्रशासन शाखा प्रमुख	नविन प्रसाद रिमाल	५९५०
१४	आन्तरिक लेखा परीक्षक	जनक प्रसाद उपाध्याय	५९५०
१५	वडा सचिव, वडा नं. १	कमल प्रसाद भण्डारी	५९५०
१६	वडा सचिव, वडा नं. २	तिलक बहादुर भट्टराई	५९५०
१७	वडा सचिव, वडा नं. ३	सुजता भट्टराई	५९५०
१८	वडा सचिव, वडा नं. ४	अमर बि.क.	५९५०
१९	वडा सचिव, वडा नं. ५	अजय कुमार यादव	५९५०
२०	वडा सचिव, वडा नं. ६	धर्मराज बुढा	५९५०
२१	वडा सचिव, वडा नं. ७	विर बहादुर चौरसिया	५९५०
२२	वडा सचिव, वडा नं. ८	सर्जन बहादुर सिजापति बडुवाल	५९५०
	जम्मा		१३०९००

बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -४

भौ नं मिति	भ्रमण गर्ने पदाधिकारी	भ्रमण गरेको र फर्केको मिति	भुक्तानी गर्नुपर्ने रकम	भुक्तानी भएको रकम	असुल गर्नुपर्ने रकम
५६।०८०।४।६ र२८५।११।२४	गापा अध्यक्ष प्रकाश ब .साउद	२०८०।६।९-२०८०।६।१३ कैलाली	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।६।२१-०८०।६।२६ अछाम	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।६।३-०८०।६।७ अछाम	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।७।१५-०८०।७।१९ अछाम	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।११।१६-०८०।११।२५ कैलाली	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।९।४-०८०।९।१३ काठमाण्डौ	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।९।१२-०८०।९।१५ अछाम	४००।	१६००।	१२००।
	गापा अध्यक्ष प्रकाश ब .साउद	०८०।८।१८-०८०।८।२९ अछाम	४००।	१६००।	१२००।
५२९।०८१।३।२०	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८१।१।२८-०८१।२।२ अछाम	४००।	१६००।	१२००।
५२९।०८१।३।२०	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८०।१२।१५-०८०।१२।२० अछाम	४००।	१६००।	१२००।
	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८१।२।१४-०८१।२।१८ अछाम	४००।	१६००।	१२००।
	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८०।१२।२८-०८१।१।२ अछाम	४००।	१६००।	१२००।
	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८१।२।६-०८१।२।१० अछाम	४००।	१६००।	१२००।
	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८०।११।१४-०८०।११।२० अछाम	४००।	१६००।	१२००।
	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८१।१।१।७ =०८१।१।१३ अछाम	४००।	१६००।	१२००।
	गा पा उपाध्यक्ष नेत्रकला देवी शाही	०८१।३।१६-०८१।३।१९	४००।	१६००।	१२००।

	जम्मा				१२००।

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता

विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नगराएकाले आन्तरिक नियन्त्रण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षण नियमित गराई आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।